सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

१२ कात्तिक २०८०, आइतबार (29 Oct 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १९२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

संयुक्त राष्ट्रसंघका महासचिव आज आउँदै

■ नेपालको मुख्य एजेन्डा शान्ति प्रक्रिया ■ गुटेरेसको प्राथमिकता जलवायु परिवर्तन ■ प्रधानमन्त्री प्रचण्डसँग आज भेटवार्ता ■ मंगलबार संसद्लाई सम्बोधन गर्ने



यस्तो छ भ्रमण तालिका

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले आइतबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको प्रतिनिधिमण्डलसँग औपचारिक वार्ता गर्नेछन् । आइतबार नै उनले राष्ट्रपति रामचन्द्र पौडेल, परराष्ट्रमन्त्री एनपी साउदसँग भेटवार्ता गर्ने कार्यसूची छ । उनले कांग्रेस सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी ओलीसँग संसद् भवन नयाँ बानेश्वरमा भेट गर्ने कार्यसूची छ । भेटवार्तापछि उनी पाटन दरबार क्षेत्रको अवलोकनमा जानेछन् । प्रधानमन्त्री प्रचण्डले महासचिव गुटेरेसको सम्मानमा आइतबार साँझ सांस्कृतिक कार्यक्रमसहित रात्रिभोज दिनेछन् । महासचिव सोमबार नाम्चे, पोखरा, अन्नपूर्ण आधार शिविर र लुम्बिनी जानेछन् । मंगलबार अपराह्न ४ बजे उनले संघीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम छ । बुधबार उनी नेपालबाट लन्डन जानेछन्, जहाँ उनले एआई सेफ्टी सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम छ ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको मैत्रीपूर्ण निमन्त्रणामा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस चारदिने औपचारिक भ्रमणमा आइतबार नेपाल आउँदै छन् । करिब १५ वर्षपछि नेपालमा राष्ट्रसंघका महासचिवको भ्रमण हुन लागेकाले यसलाई कूटनीतिक क्षेत्रमा महत्त्वका साथ हेरिएको छ ।

महासचिव गुटेरेसलाई नेपालले विदेशी सरकार प्रमुखको कूटनीतिक हैसियत दिएको छ । उनलाई परराष्ट्रमन्त्री एनपी साउदले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्नेछन् । महासचिव गुटेरेसले भ्रमणका क्रममा जलवायु परिवर्तन र यसले नेपालजस्ता मुलुकलाई पारेको असरलाई प्राथमिकतामा राखेका छन् ।

महासचिव गुटेरेसले प्रधानमन्त्री प्रचण्ड नेतृत्वको प्रतिनिधिमण्डलसँग औपचारिक वार्ता गर्ने कार्यक्रम छ । उनले राष्ट्रपति रामचन्द्र पौडेल र प्रमुख राजनीतिक दलका शीर्ष नेतासँग पनि शिष्टाचार भेटवार्ता गर्ने कार्यसूची छ ।

महासचिव गुटेरेसको भ्रमणका क्रममा नेपालको पहिलो प्राथमिकतामा भने शान्ति प्रक्रिया सम्पन्न गर्न राष्ट्रसंघको सद्भावको एजेन्डा छ । महासचिवसँग जलवायु परिवर्तनको विषय अहिलेका लागि नेपालको दोस्रो प्राथमिकतामा छ । महासचिव गुटेरेसको भ्रमणका विषयमा राष्ट्रसंघद्वारा जारी विज्ञप्तिमा नेपालको शान्ति प्रक्रिया उल्लेख छैन, केवल जलवायु परिवर्तन उल्लेख छ ।

प्रधानमन्त्री प्रचण्डका मुख्य सल्लाहकार हरिबोल गजुरेलले शान्ति प्रक्रिया टुंग्याउन नेपालले महासचिव गुटेरेससँग सहयोग र सहजीकरणको अपेक्षा राखेको बताए । 'शान्ति प्रक्रियाको सुरुको चरण (सेना समायोजनलगायत)मा संयुक्त राष्ट्रसंघले अनमिनमार्फत महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हो । अब शान्ति प्रक्रिया टुंग्याउने हाम्रो प्रयासमा पनि साथ होस् र सहजीकरण होस् भन्ने हाम्रो अपेक्षा हो,' गजुरेलले नयाँ पत्रिकासँग भने ।

नेपालले शान्ति स्थापक मिसनमा नेपाली सेनाको संख्या दोस्रो ठूलो रहेको र महिलाको संख्या पहिलो रहेकोतर्फ ध्यानाकर्षण गर्दै नेतृत्वदायी पदमा नेपालको अपेक्षा सुनाउने तयारी गरेको छ । हाल विश्वका १२ वटा शान्ति स्थापक मिसनमा नेपाली सेनासहित सुरक्षाकर्मीको संख्या ६ हजार ६२ छ । जसमध्ये महिला सुरक्षाकर्मीहरूको संख्या पाँच सय ८६ छ । महासचिव गुटेरेसको भ्रमणमा प्रधानसेनापति प्रभुराम शर्मा सहभागी हुनेछैनन् । उनी शुक्रबार चीनको औपचारिक भ्रमणमा गएका छन् ।

युएईको दुबईमा नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप २८)को पूर्वतयारीको पहिलो भ्रमणका क्रममा महासचिव गुटेरेसको नेपाल भ्रमण भएको राष्ट्रसंघले जनाएको छ । 'यो नेपाललाई ऐक्यबद्धता जनाउने भ्रमण हो, जो अहिले अति कम विकसित मुलुकहरूको ग्लोबल कोअर्डिनेसन ब्युरोको वर्तमान अध्यक्ष हो,' महासचिवका प्रवक्ताद्वारा जारी विज्ञप्तिमा छ, 'यी देशहरूले जलवायु परिवर्तनको विनाशकारी प्रभावहरूको असमान असर भोग्दै आएका छन् । यसबाट उनीहरूलाई अतिरिक्त आर्थिक र सामाजिक धक्का पुऱ्याएको छ ।'

परराष्ट्र मन्त्रालयका अनुसार महासचिव गुटेरेसले जलवायु परिवर्तनका कारण हिमालयमा परेको असरबारे सोलुखुम्बुमा स्थलगत जानकारी लिनेछन् । उनले प्रभावित समुदायसँग संक्षिप्त अन्तर्क्रिया पनि गर्ने कार्यक्रम छ । उनी गौतम बुद्धको जन्मस्थान लुम्बिनी तथा पोखरा पनि जाने कार्यक्रम छ ।

महासचिव गुटेरेसको प्रतिनिधिमण्डलमा राष्ट्रसंघको शान्ति अप्रेसनसम्बन्धी उपमहासचिव जिन पिर्रे, नेपालका लागि राष्ट्रसंघका आवासीय संयोजक हाना सिंगर हाम्डी तथा अन्य उच्च अधिकारी हुनेछन् । उनको सुरक्षाको सम्पूर्ण जिम्मा नेपाली सेनाले लिएको छ । सन् २०१७ जनवरी १ मा महासचिव भएका गुटेरेसको महासचिवका रूपमा यो पहिलो नेपाल भ्रमण हो । यद्यपि, उनी यसअघि भिन्न हैसियतमा नेपाल आइसकेका छन् ।

महासचिवले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री प्रचण्ड, परराष्ट्रमन्त्री एनपी साउदसँग आइतबार भेटवार्ता गर्नेछन् । महासचिव गुटेरेसले मंगलबार (३१ अक्टोबर)मा प्रतिनिधिसभा र राष्ट्रिय सभालाई संयुक्त रूपमा सम्बोधन गर्ने कार्यक्रम छ । आजभन्दा १५ वर्षअघि संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव बान कि मुनले पनि नेपालको संविधानसभालाई सम्बोधन गरेका थिए । उनले सन् २००८ अक्टोबर अन्तिममा नेपालको औपचारिक भ्रमण गरेका थिए ।

सुधारगृहमा राखिएका ५३ प्रतिशत बालक जबर्जस्ती करणी कसुरका

घटना १ बभ्राडको बुंगल नगरपालिका- १ मा १२ वर्षीया बालिका बलात्कृत भइन् । गत जेठमा भएको घटनाबारे प्रहरीले अनुसन्धान गऱ्यो । घटनामा संलग्न रहेको अभियोगमा तीनजनालाई पक्राउ गऱ्यो । पक्राउ पर्ने तीनैजना १४, १५ र १६ वर्षका थिए । सामूहिक बलात्कार कसुर लागेका उनीहरूलाई अहिले पुर्पक्षका लागि डोटीस्थित बाल सुधारगृहमा राखिएको छ ।

घटना २ गत १७ फागुनमा कैलालीको धनगढी उपमहानगरपालिका- १० जुगेडामा १३ वर्षीया बालिका बलात्कृत भइन् । प्रहरीले अनुसन्धानपछि घटनामा संलग्न रहेको अभियोगमा १६ र १७ वर्षीय बालकलाई पक्राउ गऱ्यो । सामूहिक बलात्कारको अभियोग लागेका दुवैजनालाई बाँकेको नेपालगन्जस्थि बाल सुधारगृहमा राखिएको छ ।

घटना ३ गत १२ वैशाखमा रोल्पा नगरपालिका- ९, चोयवाङमा १३ वर्षीया बालिका बलात्कृत भइन् । घटनापछि प्रहरीले १७ वर्षीय बालकलाई पक्राउ गऱ्यो । उनलाई पनि बाँकेको नेपालगन्जस्थित बाल सुधारगृहमा राखिएको छ ।

घटना ४ वर्ष दिनअघि सुर्खेतको वीरेन्द्रनगरमा डेढ महिनाको अवधिमा पाँचदेखि सात वर्ष उमेरका ६ बालिकालाई बलात्कार गरेको अभियोगमा १४ वर्षीय बालक पक्राउ परे । उनी पनि जबर्जस्ती करणी मुद्दामा बाँकेस्थित नेपालगन्ज कारागारमा राखिएका छन् ।

घटना ५ दुई वर्षअघि भक्तपुरको सूर्यविनायक नगरपालिका- २ बालकोटमा १२ वर्षीया बालिका बलात्कृत भइन् । प्रहरीले घटनाको अनुसन्धान गऱ्यो । सुनसरीका १७ वर्षीय बालक घटनामा संलग्न रहेको आरोपमा पक्राउ परे । खेल्न गएको मौका छोपी उनले बालिकालाई गहुँबारीमा लगेर बलात्कार गरेको भन्दै जबर्जस्ती करणी कसुरमा भक्तपुरस्थित बाल सुधारगृहमा राखिएको छ ।


टेकराज थामी/नयाँ पत्रिका

विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेको अभियोगमा सुधारगृहमा राखिएका बालबालिकामध्ये ५३ प्रतिशत बालक जबर्जस्ती करणी कसुरका छन् । देशभरका सबै आठ बाल सुधारगृहमा रहेका बालबन्दीहरूको तथ्यांकले यो डरलाग्दो अवस्था देखाएको हो ।

देशभरका बाल सुधारगृहमा हाल एक हजार एक सय २६ बालबालिका राखिएका छन् । जसमध्ये पाँच सय ९३ बालक (५२.६६ प्रतिशत) जबर्जस्ती करणी मुद्दाका छन् । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी कुबेर कडायतका अनुसार जबर्जस्ती करणीमा सबैभन्दा धेरै पीडित १८

» पृष्ठ २ मा क्रमशः

■ देशभरका आठ सुधारगृहमा कहाँ कति बालबन्दी ?



■ जबर्जस्ती करणीका अधिकांश पीडित पनि बालिका

प्रहरीको तथ्यांकअनुसार पाँच वर्षमा जबर्जस्ती करणीमा पर्नेमध्ये ६४ प्रतिशत बालिका छन् । जम्मा ११ हजार ७६८ पीडितमध्ये १८ वर्षमुनिका ७ हजार ५५३ (६४.१८%) छन् ।

जबर्जस्ती करणीका अधिकांश पीडित पनि १८ वर्षभन्दा कम उमेरका बालिका छन् । पछिल्लो पाँच वर्षमा देशभर जबर्जस्ती करणीमा ११ हजार सात सय ६८ जना पीडित रहेकामा बालिका-किशोरी सात हजार पाँच सय ५३ छन् । कुल बलात्कारपीडितमा बालिकाको संख्या ६४.१८ प्रतिशत हुन आउँछ । यसमा पनि सबैभन्दा धेरै पीडित ११ देखि १६ वर्ष उमेर समूहका बालिका छन् । पाँच वर्षमा ११ देखि १६ वर्ष उमेरका मात्रै चार हजार ६ सय १३ बालिका जबर्जस्ती करणीको सिकार बने । त्यस्तै, १७ देखि १८ वर्ष उमेर समूहका एक हजार पाँच सय ३७ बालिका जबर्जस्ती करणीमा परेका छन् । यही अवधिमा १० वर्षभन्दा कम उमेर समूहका एक हजार चार सय तीन बालिका बलात्कृत भएका छन् । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी कडायतले भने, 'जबर्जस्ती करणीमा पीडित हुने पनि अधिकांश १८ वर्षभन्दा मुनिका बालिका नै छन् । यसको कारणबारे कुनै अध्ययन त भएको छैन, तर यस उमेरका बालिकालाई सजिलै प्रभावमा पारेर बलात्कार गर्ने गरेको प्रहरीको अनुसन्धानले देखाउँछ ।'

आरक्षण विवादबीच लोक सेवाले खोल्यो निजामती र सुरक्षा निकायमा भर्ना



नयाँ पत्रिका

आरक्षणको विवादबीच लोक सेवा आयोगले निजामती सेवा तथा सुरक्षा निकायमा भर्ना प्रक्रिया अघि बढाएको छ । सर्वोच्च अदालतले थारू समुदायलाई छुट्टै आरक्षण कोटा निर्धारण गरेर मात्र भर्ना गर्न परमादेश दिए पनि कसरी कोटा तोक्ने अन्योलले आयोगको कार्यतालिकाअनुसार भर्ना रोकिँदै आएको थियो ।

भर्ना रोकिँदा सबैतिर समस्या हुने भएपछि मध्यमार्गी बाटो रोजेर भर्ना खुलाइएको आयोगको भनाइ छ । निजामतीतर्फ समावेशी कोटाको विज्ञापन थाती राखिएको छ भने नेपाल प्रहरीले सर्वोच्चको परमादेशअनुसार आवश्यक कानुनी प्रबन्ध मिलाएपछि गुमेका

» पृष्ठ २ मा क्रमशः

के हो विवाद ?

हाल थारू समुदायले आदिवासी जनजाति समुदायका रूपमा आरक्षण पाउँदै आएका छन् । त्यसले गर्दा आदिवासी जनजातिका अन्य समुदाय हाबी हुने गरेको भन्दै थारू अगुवाले छुट्टै आरक्षण माग्दै आएका छन् ।

हालको निजामती सेवा ऐनको प्रावधानअनुसार कुल रिक्त पदमध्ये ४५ प्रतिशतमा समावेशी आरक्षणका आधारमा विज्ञापन हुन्छ । ४५ प्रतिशतमध्येबाट ३३ प्रतिशत महिला, २७ प्रतिशत आदिवासी जनजाति, २२ प्रतिशत मधेशी, नौ प्रतिशत दलित, पाँच प्रतिशत अपांगता भएका व्यक्ति तथा चार प्रतिशत पिछडिएको क्षेत्रलाई छुट्याउने गरिएको छ । सर्वोच्चको परमादेशपछि यो आरक्षणको यो अनुपात अब हेरफेर गर्नुपर्ने हुन्छ ।

तर, सरकारले यससम्बन्धी कानुन संशोधन गरेको छैन । थारू समुदायको जनसंख्या ६.२ प्रतिशत भएकाले त्यही आधारमा छुट्टै आरक्षणको व्यवस्था हुनुपर्ने थारू अगुवाहरूले बताउँदै आएका छन् । तर, कुल जनसंख्याको ६.२ प्रतिशत छुट्याउने कि जनजातिको जनसंख्याको आधारमा हेरफेर गर्ने भन्ने प्रस्ट नहुँदा कानुन बनाउन पनि समस्या रहेको लोक सेवा आयोगका एक अधिकारीले बताए ।

कांग्रेसको चियापानमा नेताहरूको जमघट



कूटनीतिक सफलताका कारण नेपालमा उच्चस्तरीय भ्रमण भइरहेको प्रधानमन्त्रीको भनाइ, व्यवस्थाप्रति जनविश्वास नघटेको कांग्रेस सभापति देउवाको दाबी, दलहरूमाथि प्रश्न उठाउने कोसिसलाई यथासमयमा जवाफ दिने एमाले अध्यक्ष ओलीको भनाइ

(विस्तृत पृष्ठ ३ मा)

राष्ट्रसंघका महासचिवलाई चुच्चे नक्सा उपहार



महासचिव गुटेरेस र प्रधानमन्त्री दाहालको भेटमा औपचारिक कुराकानीका सिलसिलामा कूटनीतिक पत्रसाथ भित्तामा झुन्ड्याउन मिल्ने नेपालको चुच्चे नक्सा उपहारस्वरूप प्रदान गर्नुपर्छ

(बुद्धिनारायण श्रेष्ठको दृष्टिकोण पृष्ठ ४ मा)

युद्धमा सफल भइहाल्यो भने इजरायलले के गर्छ ?



अक्टोबर ७ मा हमासले गरेको क्रूर आतंकवादी हमलापछि पश्चिमा शक्तिले इजरायलको आत्मरक्षाको अधिकारलाई समर्थन गरिरहेका छन्

(विस्तृत पृष्ठ ५ मा)

निजगढ एयरपोर्टको प्रतिवेदन अलपत्र



विज्ञ समूहको प्रतिवेदन मन्त्रिपरिषद्ले स्वीकृत नगर्दा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अनिश्चित बन्दै

(विस्तृत पृष्ठ ६ मा)

उपचार र ल्याब शुल्क वृद्धि गर्दै देशकै जेठो वीर अस्पताल

न्याम्सबाट तलब खुवाउने गरी ३० नर्ससहित ६३ कर्मचारी थप गरिएपछि बिरामीलाई भार पार्दै शुल्क वृद्धिको तयारी

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशकै जेठो र सस्तो स्वास्थ्य सेवा प्रदान गर्ने भनिएको वीर अस्पतालमा शुल्क वृद्धि गर्ने तयारी भइरहेको छ । एक साताअघि स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतको निर्देशनमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)बाट तलब खुवाउने गरी ३० नर्ससहित ६३ जना कर्मचारी थप गरिएको थियो । उनीहरूलाई तलब खुवाउनकै लागि उपचार शुल्क वृद्धि गर्न लागिएको हो ।

ब्लड टेस्ट, एक्सरे, बायप्सी, ओपिडीलगायतमा तिहारअघि नै शुल्क बढाउने योजना छ । हाल ओपिडी शुल्क ३० रुपैयाँ छ, तर यसलाई बढाएर सय रुपैयाँ बनाउने तयारी छ । बायप्सी शुल्क ६ सय लिने गरेकोमा नौ सय बनाउने, एक्सरेको ३५० बाट ५५० रुपैयाँ पुऱ्याउने, सबैखाले उपचार र ल्याब सेवामा कम्तीमा २० प्रतिशत वृद्धि गर्न लागिएको हो ।

सरकारको योजना सरकारी स्वास्थ्य संस्थालाई सर्वसुलभ बनाउने हो । संविधानको मौलिक हकमै निःशुल्क तथा सर्वसुलभ स्वास्थ्यको व्यवस्था गरिएको छ । तर, सरकारी नीतिको बेवास्ता गर्दै सरकारी अस्पतालको शुल्क वृद्धि गर्न लागिएको हो । शुल्क वृद्धि हुँदा त्यसको मार आम सर्वसाधारणमा पर्ने वीर अस्पतालकै एक चिकित्सक बताउँछन् । 'सरकारी स्वास्थ्य संस्थालाई सर्वसाधारणमैत्री बनाउने हो, उनीहरूलाई सहज हुने गरी उपचारको व्यवस्था गर्नुपर्ने

» पृष्ठ २ मा क्रमशः



वीर अस्पतालका निर्देशक **डा. सन्तोष पौडेल** भन्छन्-



वीर अस्पतालको शुल्क पुनरावलोकन नगरेको धेरै वर्ष भयो, अन्य अस्पतालमा भन्दा न्यून शुल्क लिने गरेका छौं । अब यसलाई पुनरावलोकन गर्नुपर्छ । हुनेबाट शुल्क लिने र नहुनेलाई निःशुल्क उपचार सेवा दिने नीतिसहित अघि बढ्नुपर्छ ।

■ बिरामीलाई खाना खुवाउने रकम पनि कटौती

वीरमा भर्ना भएका बिरामीलाई निःशुल्क खाना खुवाउने गरिन्छ । यसको खर्च केन्द्र सरकारले व्यहोर्दै आइरहेको थियो । तर, आर्थिक वर्ष ०८०/८१ मा भने केन्द्र सरकारले खानाका लागि दिने शुल्कसमेत कटौती गरेको छ । यो खर्च अस्पतालको आन्तरिक आम्दानीबाट निर्वाह गर्नुपर्ने अवस्था आएको अस्पतालका निर्देशक पौडेलको भनाइ छ । अस्पताल प्रशासनका अनुसार एक वर्षमा बिरामीलाई खाना खुवाउँदा ६० देखि ७० लाखसम्म खर्च हुन्छ । तर, स्वास्थ्य मन्त्रालयले बिरामीलाई खुवाउने खानाको रकमसमेत कटौती गरेको छ । केन्द्र सरकारबाट बजेट नआए पनि यसलाई निरन्तरता दिनुपर्ने निर्देशक पौडेलको भनाइ छ । 'वीर अस्पतालमा सेवा विस्तार भए पनि केन्द्र सरकारले यसपटक अनुदान निकै कटौती गरेको छ,' उनले भने, 'खाना र अन्य मर्मतसम्भारको शुल्क कटौती गरेपछि समस्या देखिएको छ, आन्तरिक र सरकारबाट अनुदानमा आएको सीमित बजेट तलबमा खर्च हुन्छ ।' यसबारे उनले स्वास्थ्यमन्त्री बस्नेतलाई जानकारी गराएको र मन्त्रीले अस्पताललाई आर्थिक अभाव हुन नदिने आश्वासन दिँदै आएको बताए ।

■ बेड बढ्यो, तर सरकारले बढाएन अनुदान

वीर अस्पतालमा एक वर्षअघि ४६० बेड मात्रै सञ्चालनमा थिए । तर, एक वर्षयता बेड संख्या बढाएर ९०६ पुऱ्याइयो । यस आधारमा पनि अस्पतालको प्रशासनिक तथा उपचार खर्च बढ्छ । तर, सरकारले अस्पताललाई विगतको वर्षमा दिएभन्दा यस वर्ष कम अनुदान दियो । ०७९/८० मा एक अर्ब ४३ करोड अनुदान दिएको थियो । तर, चालू आर्थिक वर्षमा उक्त अनुदान कटौती गरेर ७३ करोडमा झारेको छ । यसबाट केन्द्र सरकारमातहत रहेका कर्मचारीलाई तलब सुविधा पनि दिनुपर्छ । आन्तरिक र केन्द्रबाट आएको सबैजसो रकम तलब सुविधामै खर्च हुने भएकाले अस्पतालको अन्य खर्च धान्न कठिन भइरहेको निर्देशक पौडेलले बताए ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

उपचार र ल्याब...

पृष्ठ १ बाट क्रमशः

हो,' ती चिकित्सकले भने, 'तर, वीर अस्पतालमा मनपरी शुल्क वृद्धि गर्ने तयारी छ, यो जनस्वास्थ्यको हिसाबले राम्रो होइन, सरकारी अस्पतालमा सरकारकै लगानी हुनुपर्छ ।'

हाल न्याम्सबाटै तलब खुवाउने गरी आन्तरिक स्थायी स्वास्थ्यकर्मी संख्या ३५० छ । यसबाहेक तीन सयभन्दा बढी करारका कर्मचारी छन् । हाल थप गरिएकासहित कर्मचारीलाई वार्षिक तलब खुवाउँदा झन्डै ७५ करोड लाग्छ । एक साताअघि मात्रै स्थायी दरबन्दी थप गरेपछि त्यसमा कार्यरत कर्मचारीलाई तलब खुवाउँदा झन्डै तीन करोड र झन्डै दुई महिनाअघि राखिएका ६३ जना करार कर्मचारीलाई तलब खुवाउँदा तीन करोड खर्च हुन्छ । यसरी एकैपटक ठूलो आर्थिक भार पर्ने गरी कर्मचारी राख्दा अस्पताललाई आर्थिक व्ययभार धान्न कठिन हुने देखिएको छ । हाल वीरको वार्षिक आन्तरिक आम्दानी ६० करोडहाराहारी छ । आन्तरिक प्रशासनलाई भार पर्ने गरी न्याम्सअन्तर्गत नयाँ दरबन्दी थप गरिए पनि केन्द्र सरकारले तोकेको पाँच सय दरबन्दी खाली छ । यसमा सरकारले स्वास्थ्यकर्मी भर्ना गर्न र तलब सुविधा दिन सकेको छैन । स्वास्थ्यमन्त्री बस्नेतले दबाब दिएपछि न्याम्सले एक साताअघि आन्तरिक खर्चबाट तलब सुविधा दिने गरी ३० जना नर्ससहित ६३ जना कर्मचारीको दरबन्दी थप गरेको थियो । दरबन्दी थप गरेपछि तलब सुविधा दिन रकम अभाव हुने भन्दै मन्त्री बस्नेतले नै वीर अस्पतालले बिरामीबाट लिने शुल्क बढाउन लागेका छन् । उनले न्याम्सका उपकुलपति डा. भूपेन्द्र बस्नेतसँग यसअघि बिरामीबाट लिने शुल्कको विवरण र नयाँ शुल्क वृद्धिको माइन्युट तयार पार्न लगाएका छन् । सबैखाले उपचार तथा ल्याबका कम्तीमा पनि २० प्रतिशत शुल्क वृद्धि गर्न लागिएको वीर अस्पताल स्रोतले जनाएको छ । हाल सरकारले स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन नसकेका कारण अधिकांश बिरामी नगद तिरेरै वीरमा उपचार सेवा लिने गरेका छन् । मन्त्रालयले थप शुल्क वृद्धि गर्ने भएपछि त्यसको मार सर्वसाधारण बिरामीलाई मार पर्ने देखिएको छ । वीर अस्पतालमा केन्द्र सरकारमातहत तलब सुविधा खाने गरी सरकारी दरबन्दीका आठ सय स्वास्थ्यकर्मी छन् । तर, सरकारी दरबन्दीकै ५३१ दरबन्दी खाली छ । सरकारले आर्थिक भार व्यहोर्ने गरी दरबन्दीमा स्वास्थ्यकर्मी नपठाएर मन्त्री बस्नेतले अस्पताललाई नै आर्थिक व्ययभार पर्ने गरी न्याम्सको दरबन्दी थप गरेका छन् ।

'वीर अस्पतालको सेवा थप महँगो हुँदै छ, न्याम्सबाट तलब दिने गरी दरबन्दी थप गरेपछि आर्थिक भार थेग्न कठिन हुन्छ, यो रकम अब बिरामीलाई महँगो हुन जान्छ, सोही कारण मन्त्रीज्यूले नै वीर अस्पतालको उपचार शुल्कमा वृद्धि गर्न थाल्नुभएको हो,' अस्पतालका एक कर्मचारीले भने, 'यसरी सर्वसाधारण उपचार गर्न आउने सरकारी अस्पताललाई महँगो बनाउनतिर लाग्नु राम्रो मानिँदैन, केन्द्र सरकारले व्यहोर्ने गरी तोकिएका दरबन्दीअनुसार स्वास्थ्यकर्मी पूर्ति गर्नुपर्छ, यसरी सर्वसाधारणको टाउकोमा उपचार शुल्कको भार थप्नुहुँदैन ।'

अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले शुल्क वृद्धिको तयारी भइरहेको स्वीकार गरे । उनले न्याम्सलाई आर्थिक भार पर्ने गरी दरबन्दी थप गरिएकाले उक्त खर्च धान्न शुल्क वृद्धि गर्न आवश्यक रहेको जानकारी दिए । 'वीर अस्पतालको शुल्क पुनरावलोकन नगरेको धेरै वर्ष भयो, अन्य अस्पतालमा भन्दा हामीकहाँ न्यून शुल्क लिने गरेका छौं,' उनले भने, 'अबचाहिँ यसलाई पुनरावलोकन गर्नुपर्छ । हुनेबाट शुल्क लिने र नहुनेलाई निःशुल्क उपचार सेवा दिने नीतिसहित अघि बढ्नुपर्छ ।' हाल वीर अस्पतालमा दैनिक उपचार गराउन ओपिडीमा मात्रै करिब एक हजार सात सय बिरामी आउँछन् ।

सुधारगृहमा राखिएका...

पृष्ठ १ बाट क्रमशः

वर्षमुनिका बालिका छन् । 'जबर्जस्ती करणीमा बयस्क उमेरका व्यक्तिको संलग्नता त छँदै छ, बालकहरूसमेत संलग्न रहेको तथ्यांक डरलाग्दो छ । अधिकांश पीडित पनि १८ वर्षमुनिकै छन्,' उनले भने, 'हाम्रा सुधारगृहहरूमा रहेका अधिकांश बालक जबर्जस्ती करणी मुद्दाकै छन् ।'

कारागार व्यवस्थापन विभागले पनि जबर्जस्ती करणीमा बालकहरूको बढ्दो संलग्नताले सामाजिक त्रास बढाएको मूल्यांकन गरेको छ । यस्तो कसुरमा बाल सुधारगृहमा ल्याइने बालकको संख्या बढ्दो दरमा रहेकोसमेत विभागका प्रवक्ता कमलप्रसाद पाण्डेले बताए । 'देशका आठ सुधारगृहमा अहिले साढे ११ सयजति बालबालिका छन् । जसमध्ये अधिकांश बालक जबर्जस्ती करणी मुद्दाका छन् । यसले के देखाउँछ भने जबर्जस्ती करणीका घटनामा बयस्कसँगै किशोर/बालकहरू धेरै संलग्न छन् ।'

सुधारात्मक अपराध नियन्त्रणतर्फ छैन राज्यको ध्यान

अपराध नियन्त्रणका दुई विधि छन्, एउटा दण्डात्मक र अर्को सुधारात्मक । दण्डात्मक विधिले कानुन, कारागार र प्रहरीको परिकल्पना गर्छ । जसको प्रयोग अपराध भएपछि मात्रै आउने गर्छ । तर, सुधारात्मक विधिको उद्देश्य अपराध नै हुन नदिनु हो । अर्थात् रोग लागेपछि उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु सुधारात्मक विधिको उद्देश्य हो । जबर्जस्ती करणी नियन्त्रणमा संसारभर मुख्यतया दण्डात्मक विधि नै अभ्यासमा रहेको देखिन्छ । तर, अपराध नियन्त्रणमा आउनुको सट्टा झन् मौलाउँदै गएको देखिन्छ ।

उदाहरणका लागि जबर्जस्ती करणीसम्बन्धी प्रहरीकै तथ्यांकलाई लिन सकिन्छ । ०७५/७६ मा मुलुकभर जबर्जस्ती करणीका दुई हजार दुई सय ३० मुद्दा प्रहरी कार्यालयमा दर्ता भएका थिए । जसमा पीडित हुने दुई हजार दुई सय ५४ थिए । पाँच वर्षपछि अर्थात् ०७९/८० मा मुद्दाको संख्या बढेर दुई हजार तीन सय ८७ पुग्यो । पीडित हुने महिलाको संख्या पनि बढेर दुई हजार तीन सय ९८ पुग्यो ।

यसबाट पुष्टि हुन्छ कि जबर्जस्ती करणीसम्बन्धी अपराध दण्डात्मक विधिबाट मात्रै समाधान हुन सक्दैनन् । यस्ता अपराध त्यसवेला मात्रै निमिट्यान्न हुन्छन् जतिवेला समाज सुशिक्षित बन्न सक्छ । यसका लागि आवश्यक अचुक हतियार हो, चेतना अभिवृद्धि । जुन सुधारात्मक अपराध नियन्त्रण विधिको महत्त्वपूर्ण पाटो हो । नेपालको हकमा जबर्जस्ती करणीसँग सम्बन्धित अपराध नियन्त्रण गर्न सुधारात्मक विधि कार्यान्वयनमा आएको देखिँदैन । जुन अहिलेको टड्कारो आवश्यकता हो । राज्यले कारागार निर्माणमा प्रत्येक वर्ष करोडौँ रुपैयाँ विनियोजन गर्छ । अभियुक्त पक्राउ गर्ने सन्दर्भमा राज्यको लगानी उत्तिकै ठूलो छ । तर, चेतना अभिवृद्धि गर्नेतर्फ खासै लगानी देखिँदैन । तथ्यांकअनुसार जबर्जस्ती करणीजन्य मनोभाव विद्यालय र समाजको तल्लो तहबाट सुरु हुन्छ । जसले सिंगो समाजलाई संक्रमित तुल्याउँछ । यसलाई रोक्न विद्यालय तह र क्याम्पस दुवै तहका पाठ्यसामग्रीमा यौनशिक्षासँग सम्बन्धित विषय राखिनुपर्थ्यो र विषयविज्ञ शिक्षकबाट पढाइ गरिनुपर्थ्यो । सँगै चेतना अभिवृद्धिको अन्य व्यावहारिक ज्ञान पनि विद्यालय र क्याम्पसमै विद्यार्थीलाई सिकाइनुपर्थ्यो । तर, राज्यको ध्यान यसतर्फ गएको देखिँदैन ।

यसलाई नेपाल प्रहरीका प्रवक्ता डिआइजी कडायत पनि स्वीकार गर्छन् । उनी भन्छन्, 'जबर्जस्ती करणी बिरामी समाजको प्रतिबिम्ब हो । यसलाई हटाउन समाज नै स्वस्थ हुन आवश्यक छ । यसका लागि चेतना अभिवृद्धि हुन जरुरी छ । प्रभावकारी शिक्षा वितरण हुनुपर्छ । तर, हामीकहाँ त्यस्तो भएको देखिँदैन । विद्यालय तहमा यौनशिक्षासँग सम्बन्धित केही विषय त राखिएका हुन्छन्, तर त्यसलाई शिक्षकले प्रभावकारी रूपमा पढाउँदैनन् । सकेसम्म त्यसबाट पन्छिन खोज्छन् ।'

मनोविद् वासु आचार्य यसलाई स्वीकार गर्छन् । यनी भन्छन्, 'किशोरावस्था स्वभावैले जिज्ञासु हुन्छ । यो उमेरमा किशोर-किशोरी हरेक विषय 'एक्सपेरिमेन्ट' गर्न खोज्छन् । यौनका विषयमा त झन् हुने नै भयो । जब यी विषयमा उनीहरूले सही शिक्षा पाउँदैनन्, तब नकारात्मक बाटो समाल्ने जोखिम हुन्छ । जबर्जस्ती करणी यसैको एक प्रतिफल हो । यी विषयबारे किशोर-किशोरलाई विद्यालय, क्याम्पसमा मात्र होइन, परिवारमा समेत सिकाउन जरुरी छ ।'

जबर्जस्ती करणी कानुनका विषय विद्यालय तहमा अध्ययन नहुँदा पनि यस्ता अपराध बढ्ने गरेको कारागार व्यवस्थापन विभागका प्रवक्ता पाण्डेको भनाइ छ । उनी भन्छन्, 'किशोरावस्था यौनका विषयमा जिज्ञासु हुने उमेर हो । यो उमेरमा यौनका अनेक मनोभाव स्वाभाविक तवरले मनमा आउँछन् । तर, यसका विषयमा सही शिक्षा दिन नसक्दा स्थितिले फरक मोड लिन पुग्छ । विशेषगरी विद्यालय तहकै शिक्षामा जबर्जस्ती करणीसँग सम्बन्धित कानुनका दफा पढाइ गरिनुपर्छ ।'

आरक्षण...

पृष्ठ १ बाट क्रमशः

पदसमेत जोडेर आरक्षण कोटा हेरफेर गरिने उल्लेख गरी विज्ञापन गरेको छ । नेपाल प्रहरीले गत ३ कात्तिकमा ९६ प्रहरी निरीक्षक तथा दुई सय ६० प्रहरी सहायक निरीक्षक पदमा भर्ना खुलाएको हो । आरक्षणको पुरानै अनुपातअनुसार भर्ना निकालिएको छ । नयाँ भर्ना लामो समय रोकिँदा संगठनलाई असर पर्ने भएकाले सर्वोच्चको परमादेशसमेत कार्यान्वयन गर्ने गरी भर्ना प्रक्रिया अघि बढाइएको प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायतले बताए । लोक सेवा आयोगको कार्यतालिकाअनुसार साउनमा नै प्रहरी निरीक्षक र प्रहरी सहायक निरीक्षक पदमा विज्ञापन हुनुपर्ने थियो । त्यस्तै, लोक सेवा आयोगले पनि गत २५ असोजदेखि निजामतीतर्फका रोकिएका विज्ञापन सुरु गरेको छ । आयोगले निजामतीको राजपत्रांकित प्रथम र द्वितीय तथा स्वास्थ्य सेवामा नर्वौं तहको विज्ञापन खुलाएको हो । २४ असोजमा आयोगले सूचना प्रकाशित गरी विशेष कारणले विज्ञापन रोकिएको जानकारी गराएको थियो । कर्मचारीकै दबाबपछि भोलिपल्ट खुलातर्फको मात्र भर्ना प्रक्रिया अघि बढाइएको थियो । यसले आरक्षणतर्फ प्रतिस्पर्धाको तयारीमा रहेकाहरू समस्यामा परेका छन् ।

२४ माघ ०७९ मा सर्वोच्च अदालतले थारू स्वतन्त्र समुदायको रूपमा छुट्टै आरक्षणको व्यवस्था गर्न परमादेश दिएको थियो । परमादेशअनुसार थारू समुदायलाई आरक्षणको छुट्टै कोटा तय नहुँदा भर्नामा समस्या भएको थियो । हालका प्रधानन्यायाधीश रहेका तत्कालीन न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र डा. आनन्दमोहन भट्टराईको इजलासले नौ महिनाभित्र संघीय निजामती ऐन ल्याउन त्यसमा यो प्रावधान राख्न भनेको थियो । साथै आर्थिक वर्ष ०७९/८० मा थारू समुदायले छुट्टै आरक्षण नभएकाले त्यसलाई समेत जोडेर यो वर्ष भर्ना गर्न भनिएकोमा परमादेशअनुसार कानुन बन्न सकेको छैन ।

लोक सेवाले आरक्षणतर्फको विज्ञापन पछि गर्ने गरी खुलातर्फ मात्र भर्ना प्रक्रिया अघि बढाएपछि यसले थप विवाद भएको छ । यसरी विज्ञापन गर्नु आरक्षण कोटाका आकांक्षीमाथि झन् अन्याय भएको यसअघि सर्वोच्चमा रिट दायर गर्ने प्रेमीलालप्रसाद चौधरीले बताए । 'यसरी भर्ना खोल्नु सर्वोच्च अदालतको परमादेशको विरुद्धमा छ,' उनले भने, 'भर्नाविरुद्ध म सर्वोच्चमा फेरि रिट हाल्छु ।'

आरक्षण कोटाकै विवादले नेपाली सेनाको अधिकृत क्याडेट तथा पदिक तथा बिल्लादार अधिकृत क्याडेटको भर्नाको विज्ञापन पनि हुन सकेको छैन । कार्यतालिकामा साउन-भदौमा र प्राविधिक अधिकृतको कात्तिकमा सूचना निकालिने उल्लेख छ ।

संगठित संस्थानअन्तर्गत नेपाल आयल निगम, नेपाल धितोपत्र बोर्ड, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, सांस्कृतिक संस्थान र सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रको विज्ञापन साउनमा हुने कार्यतालिकामा उल्लेख छ । भदौमा हुनुपर्ने काठमाडौं उपत्यका खानेपानी लिमिटेड, काठमाडौं उपत्यका विकास प्राधिकरण, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, नेपाल पुनर्बिमा कम्पनी, नेपाल विद्युत् प्राधिकरण, सामाजिक सुरक्षा कोषको भदौमा तोकिएकोमा विज्ञापन रोकिएको छ ।

आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड

का.म.न.पा.-१०, काठमाडौं

शेयर खरिद वापतको रकम जम्मा गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/०७/१२ गते

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८०/०७/०१ गते मंगलबार दिउसो ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीमा हाल कायम रहेका शेयरधनीहरुले मात्र निजको नाममा कम्पनीमा अभिलेख कायम शेयरको **१:०.२** अनुपातमा खरिद गर्न पाउने गरी शेयर जारी गर्न स्वीकृत प्राप्त प्रति शेयर अंकित मूल्य रू १०० का दरको ७ लाख थान साधारण शेयर वापतको हुन आउने रकम यो सूचना प्रकाशित भएका मितिले ३५ दिन भित्र कम्पनीको प्रभु बैकमा रहेको खाता नं. ००१००८२६७१८०००१४ मा जम्मा गरी सोको सक्कल भौचर कम्पनीमा पेश गर्नको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यसै सूचना मार्फत सूचित गरिन्छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र शेयर खरिद वापत हुन आउने रकम जम्मा नगरेको खण्डमा वा शेयर बिक्री गर्ने हक अरूलाई बिक्री वा हस्तान्तरण नगरेमा कम्पनीको सञ्चालक समितिले निर्णय गरे बमोजिम तपाईको नामको शेयर अन्य व्यक्ति वा कम्पनीलाई बिक्री गरिने व्यहोरा पनि जानकारी गराइन्छ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव
सम्पर्क फोन नं. : ०१-५२४४३१०
इमेल ठेगाना : omspharmaceuticals@gmail.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय दमक, झापाको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०७/१२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय दमक, झापाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगताार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

१. **ऋणीको विवरण:**

यज्ञनिधी पाण्डेको नाति, कृष्ण कुमार पाण्डे/प्रेम कुमारी पाण्डेको छोरा, गीता ओलीको पति, ईलाम जिल्ला, चुलाचुली गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं ०२ बस्ने **कपिल देव पाण्डे** (ना.प्र.नं.६२०६७/१६८, जारी मिति २०५८/०७/१७, जिल्ला प्रशासन कार्यालय ईलाम) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. नारायण प्रसाद पाण्डेको नाति, यज्ञनिधी पाण्डेको छोरा, प्रेम कुमारी पाण्डेको पति, ईलाम जिल्ला, चुलाचुली गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं ०२ बस्ने **कृष्ण कुमार पाण्डे** (ना.प्र.नं.१५६/४३८७, जारी मिति २०२७/११/१६, जिल्ला प्रशासन कार्यालय ईलाम) ।
२. डम्बर बहादुर भण्डारीको नातिनी, श्रृगदास भण्डारी/कमला भण्डारीको छोरी, कृष्ण कुमार पाण्डेको पत्नी, ईलाम जिल्ला, बाँझो गाउँ पञ्चायत, वडा नं. ०२ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं ०२ बस्ने **प्रेम कुमारी पाण्डे** (ना.प्र.नं. २०३८०/१५७, जारी मिति २०४२/११/२०, जिल्ला प्रशासन कार्यालय ईलाम) ।
३. बलराम ओलीको नातिनी, जय प्रसाद ओली/शान्ता ओलीको छोरी, कपिल देव पाण्डेको पत्नी, झापा जिल्ला, दमक न.पा., वडा नं. ०१ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं ०२ बस्ने **गीता ओली** (ना.प्र.नं.२३११६६२, जारी मिति २०६१/११/२८, जिल्ला प्रशासन कार्यालय झापा) ।

धितो सुरक्षणको विवरण:

१. **कपिल देव पाण्डे**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा., वडा नं. १ स्थित कित्ता नं. ३१७४४ को क्षेत्रफल ०-१-४-० (वि.क.धु.क.) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **ऋणीको विवरण:**

कृष्ण प्रसाद बजगाई/रेखा बजगाईको नातिनी, शारदा बजगाई/सुमित्रा बजगाईको छोरी, विष्णु प्रसाद खरेल/भागिरथा खरेलको बुहारी, तेज प्रसाद खरेलको पत्नी, झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ९ बस्ने **कुन्ती खरेल** (ना.प्र.नं. ०४/१९७४, जारी मिति २०६२/१०/१०, जिल्ला प्रशासन कार्यालय झापा) ।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. रत्न मनि खरेल/रमा खरेलको नाति, विष्णु प्रसाद खरेल/भागिरथा खरेलको छोरा, कुन्ती खरेलको पति, झापा जिल्ला, सतासीधाम गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ९ बस्ने **तेज प्रसाद खरेल** (ना.प्र.नं. ८५२४२०२९३, जारी मिति २०५४/०९/२०, जिल्ला प्रशासन कार्यालय झापा) ।

धितो सुरक्षणको विवरण:

१. **कुन्ती खरेल**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, पाचगाछी, वडा नं. ०८ स्थित कित्ता नं. ३२३ को क्षेत्रफल १,७७७.५६ (व.मि) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

३. **ऋणीको विवरण:**

श्रीमान् विष्ट/पदम माया विष्टको नाति, हरी बहादुर विष्ट/विष्णु माया कार्कीको छोरा, सिता दाहालको पति, झापा जिल्ला, तोपगाछी गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कमल गा.पा. वडा नं ०२ बस्ने **युवराज विष्ट** (ना.प्र.नं. ०४२०४२/१३८, जारी मिति २०६४/०१/३१, जिल्ला प्रशासन कार्यालय झापा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. श्रीमान् विष्ट/पदम माया विष्टको नाति, हरी बहादुर विष्ट/विष्णु माया कार्कीको छोरा, झापा जिल्ला, तोपगाछी गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कमल गा.पा. वडा नं ०२ बस्ने **सन्तोष विष्ट** (ना.प्र.नं. ०४२०४२/२९६८, जारी मिति २०६८/०९/२९, जिल्ला प्रशासन कार्यालय झापा) ।
२. दल बहादुर विष्टको नाति, श्रीमान् विष्ट/पदम माया विष्टको छोरा, विष्णु माया कार्कीको पति, संखुवासभा जिल्ला, मनकामना गाउँ पञ्चायत, वडा नं. ०४ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कमल गा.पा. वडा नं ०२ बस्ने **हरी बहादुर विष्ट** (ना.प्र.नं. २०२६/३०५७९, जारी मिति २०४१/१०/०३, जिल्ला प्रशासन कार्यालय संखुवासभा) ।
३. रणमान कार्कीको नातिनी, मेहेरमान कार्की/शिवमाया कार्कीको छोरी, श्रीमान् विष्ट/पदम माया विष्टकोको बुहारी, हरी बहादुर विष्टको पत्नी, झापा जिल्ला, दमक न.पा., वडा नं. ०८ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कमल गा.पा. वडा नं ०२ बस्ने **विष्णु माया कार्की** (ना.प्र.नं. २३९११५५०, जारी मिति २०४६/०१/२७, जिल्ला प्रशासन कार्यालय झापा) ।
४. डेग बहादुर दाहाल/लक्ष्मी दाहालको नातिनी, टेक बहादुर दाहाल/ईश्वरी दाहालको छोरी, हरी बहादुर विष्ट/विष्णु माया कार्कीको बुहारी, युवराज विष्टको पत्नी, मोरङ जिल्ला, राजघाट गा.वि.स., वडा नं. ०६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कमल गा.पा. वडा नं ०२ बस्ने **सीता दाहाल** (ना.प्र.नं. ०५३०४९, २५०, जारी मिति २०६३/१०/२३, जिल्ला प्रशासन कार्यालय मोरङ) ।

धितो सुरक्षणको विवरण:

१. **युवराज विष्ट**को नाममा मालपोत कार्यालय झापामादर्ता कायम रहेको झापा जिल्ला, तोपगाछी गा.वि.स., वडा नं. २ स्थित कित्ता नं. ३६३९ को क्षेत्रफल ०-१३-११-० (वि.क.धु.क.) भएको जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. धनि कुमारी बैंक लि.र ऋणी **युवराज विष्ट** कायम भई मध्येस प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं. MB1A2GAC3MRGN3838, ई.नं. MJHZ407199, सवारी नं. प्रदेश २-०३-००१ ख ४४९८ को Ashok Layland Truck थान १ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय दमक, झापा फोन नं. ०२३-५७२५८०

स्थानिय सरकार
ईन्द्रावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक
बागमति प्रदेश, नेपाल

बोलपत्र संशोधन गरिएको सूचना

सूचना प्रकाशित मिति : २०८०/०७/१२

ईन्द्रावती गाउँपालिकाबाट मिति : २०८०/०७/०३ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा बोलपत्रमा तपशिल वमोजिम संशोधन भएको सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	Similar Size Project Value	Bid Capacity
१	IRMSI/W/ NCB/080/081-04	Upgrading Works of Nawalpur Laharemane Manedada Simpalkavre Sadak	12 Millions	28.5 Millions

प्रमुख प्रशासकीय अधिकृत

Phaktanglung Rural Municipality
Office of Rural Municipal Executive
Tapethok,Taplejung
Province no.1, Nepal

Invitation for Online Bids

Contract No: FRM/W/NCB/SHTPSI/080/081/01
Date of publication: 2080/07/10(27th October 2023)

1. Phaktanglung Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the ***Track Opening of Senwa Pari Hangwarung Dekhi Tapling Pithong Sapchungwa Ikhabu Sadak*** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. ***96,97,352.45.***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Phaktanglung Rural Municipality,Tapethok,Taplejung contact no 9852660485, 9852660491 email phaktanglungmun@gmail.com] or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders can download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, must submit their bid electronically, should deposit the cost of ***Rs. 3000.00*** for bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Global IME Bank
   Name of Office: Phaktanglung Rural Municipality,Tapethok,Taplejung
   Office Account no.: Ga.1.1 Aantarik Rajaswo Khata Phaktanglung S504010000011
4. Pre-bid meeting shall be held at office of Phaktanglung Rural Municipality,Tapethok,Taplejung at 2080/08/01 at 13:00.
5. Bids must be submitted to the office of Phaktanglung Rural Municipality, Tapethok,Taplejung through PPMO website www.bolpatra.gov.np/egpon before **12:00PM** on 2080/08/10. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2080/08/10 at the office of Phaktanglung Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***Rs.2,45,000.00*** (Two Lakhs Forty fiveThousand Rupees only)which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 2080/12/11)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

कांग्रेसको चियापानमा नेताहरूको जमघट

कूटनीतिक सफलताका कारण नेपालमा उच्चस्तरीय भ्रमण भइरहेको प्रधानमन्त्रीको भनाइ, व्यवस्थाप्रति जनविश्वास नघटेको कांग्रेस सभापति देउवाको दाबी, दलहरूमाथि प्रश्न उठाउने कोसिसलाई यथासमयमा जवाफ दिने एमाले अध्यक्ष ओलीको भनाइ







(१) कांग्रेसको चियापानमा प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललगायत (२ र ३) एमाले अध्यक्ष केपी ओली र रास्वपा सभापति रवि लामिछानेलाई स्वागत गर्दै देउवा । तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपालको कूटनीतिक सफलताका कारण उच्चस्तरीय भ्रमण हुन लागेको बताएका छन् । राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमणको पूर्वसन्ध्यामा प्रधानमन्त्री प्रचण्डले उनको भ्रमणबाट विश्व समुदायमा नेपालको प्रतिष्ठा अभिवृद्धि हुने विश्वास व्यक्त गरेका छन् । महासचिव गुटेरेस चारदिने नेपाल भ्रमणका लागि आइतबार राति नेपाल आउँदै छन् ।

कांग्रेसले शनिबार राजधानीमा आयोजना गरेको चियापान तथा शुभकामना आदान-प्रदान कार्यक्रममा सञ्चारकर्मीसँग कुरा गर्दै प्रधानमन्त्री प्रचण्डले महासचिवको भ्रमणबाट नेपाली जनताको आवश्यकता सम्बोधन गर्न महत्त्वपूर्ण सहयोग पुग्ने बताए । प्रधानमन्त्री प्रचण्डका अनुसार राष्ट्रसंघका महासचिवले नेपाल भ्रमणका क्रममा जलवायु परिवर्तन, शान्ति प्रक्रिया र नेपालको आर्थिक विकासको लक्ष्यबारे सम्बोधन गर्नेछन् ।

प्रधानमन्त्री प्रचण्डले महासचिवको भ्रमणलगत्तै कतारका राजा शेख तमिम बिन हमद अल थानी पनि नेपाल भ्रमणमा आउन लागेको जानकारी दिए । नेपालको कूटनीतिक सफलताको परिणामस्वरूप उच्चस्तरीय भ्रमण हुन लागेको उनको दाबी छ । 'यसबीचमा मैले भारत, अमेरिका र चीनमा गरेको भ्रमणको सन्दर्भमा जुन कूटनीतिक पहल भए त्यसैको परिणामस्वरूप संयुक्त राष्ट्रसंघका महासचिव र कतारका राजा नेपाल आउँदै हुनुहुन्छ,' प्रधानमन्त्री प्रचण्डले भने, 'मलाई लाग्छ- हाम्रो कूटनीतिक सफलताको परिणामस्वरूप महासचिव आउँदै हुनुहुन्छ, यसले नेपालको प्रतिष्ठामा र नेपाली जनताको आवश्यकता सम्बोधन गर्ने कुरामा महत्त्वपूर्ण भूमिका खेल्नेछ ।'

आफूले प्रधानमन्त्रीको जिम्मेवारी प्राप्त गरेदेखि नै राजनीतिक दलहरूका बीचमा समझदारी बनाउन प्रयास गर्दै आएको उनको भनाइ छ । उनले मुलुकमा अराजकता निम्त्याउने उद्देश्यले राजनीतिक दलहरूमाथि प्रश्न उठाउने गरिएको दाबी गरे । प्रधानमन्त्री प्रचण्डले सम्पूर्ण राजनीतिक दल एक ठाउँमा उभिएर त्यस्ता प्रवृत्तिलाई गतिलो जवाफ दिने तयारी भइरहेको बताए ।

प्रधानमन्त्री प्रचण्डले चाडपर्वमा हुने चियापान कार्यक्रमले आपसी एकता अभिवृद्धि गर्न मात्रै नभई देशको राष्ट्रिय राजनीतिलाई पनि स्थिरतातर्फ लैजान सघाउ पुऱ्याउने विश्वास व्यक्त गरे । 'मुलुकलाई सहमति र समझदारीको बाटोमा लैजाने तथा जनताको अपेक्षाअनुसार विकास, निर्माण र समृद्धिलाई अघि बढाउन चियापानले कुनै न कुनै रूपले सहयोग गर्दै आएको छ,' प्रधानमन्त्री प्रचण्डले भने ।

कार्यक्रममा कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राजनीतिक दलप्रति जनताको आशा र भरोसा उत्तिकै कायम रहेको दाबी गरे । राजनीतिक दल र राज्यका संस्थाप्रति विश्वास नघटेको, तर दलहरूले राम्रो काम गर्नुपर्ने देउवाको भनाइ छ । कांग्रेस लोकतान्त्रिक पार्टी हुनाका नाताले राजनीतिक दलहरूप्रतिको आलोचनालाई सकारात्मक रूपमा लिएको देउवाले बताए ।

'दलहरूप्रति आएको आलोचना र टिप्पणीलाई मैले सकारात्मक लिएको छु । राजनीतिक दल र राज्यका संस्थाप्रति विश्वास घटेको छैन । राजनीतिक दलहरूले आफूलाई जनताका बीचमा लोकप्रियता हासिल गर्न राम्रोसँग काम गर्नुपर्छ,' उनले भने । कांग्रेस पार्टीभित्र बेमेल नभएको उनले दाबी गरे । 'दलभित्रको फरक मत हुन सक्लान्, यसलाई हामीले व्यवस्थापन गरिरहेका छौं,' कांग्रेसभित्र विवाद रहेकोबारे संवाददाताहरूको जिज्ञासामा देउवाले भने ।

एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओलीले राजनीतिक दलहरूप्रति प्रश्न उठेकोभन्दा पनि उठाइएको दाबी गरे । 'राजनीतिक दलहरूमाथि प्रश्न उठेको होइन, उठाउने कोसिस गरिएको छ, यस विषयको जवाफ यथासमयमा यथोचित ढंगले दिइनेछ,' ओलीले भने ।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले चुनौतीलाई हल गर्न पनि दलहरू एक हुनुपर्ने बताए । उनले विभिन्न प्रतिकूलता र आन्दोलनमा खारिएर आएका दलहरूको क्षमता र भूमिकामाथि हलुका टिप्पणी हुनु र प्रश्न उठाउनु दुखद भएको बताउँदै समय आएपछि यसको जवाफ दिने उल्लेख गरे ।

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले चियापानले दलहरूप्रति संवाद आदान-प्रदान हुने धारणा राखे । उनले गरिबी, अशिक्षा, भ्रष्टाचार जस्ता राष्ट्रिय समस्याहरू राजनीतिक दलहरूका साझा मुद्दा भएकाले यसको समाधानका लागि मिलेर अगाडि बढ्नुपर्ने बताए ।

शुभकामना आदान-प्रदान कार्यक्रममा राजनीतिक दलका प्रमुख नेता, मन्त्रीहरू, सांसद, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि तथा समाजका विभिन्न क्षेत्रका व्यक्ति सहभागी थिए । बिपी कोइराला ०३३ पुस १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिएर स्वदेश फर्किएपछि कांग्रेसले ०३४ देखि चियापान सुरु गरेको हो ।

मैले भारत, अमेरिका र चीनमा गरेको भ्रमणको सन्दर्भमा जुन कूटनीतिक पहल भए, त्यसैको परिणामस्वरूप संयुक्त राष्ट्रसंघका महासचिव र कतारका राजा नेपाल आउँदै हुनुहुन्छ । मलाई लाग्छ- हाम्रो कूटनीतिक सफलताको परिणामस्वरूप महासचिव आउँदै हुनुहुन्छ ।

प्रचण्ड, प्रधानमन्त्री

दलहरूप्रति आएको आलोचना र टिप्पणीलाई मैले सकारात्मक लिएको छु । राजनीतिक दल र राज्यका संस्थाप्रति विश्वास घटेको छैन । राजनीतिक दलहरूले आफूलाई जनताका बीचमा लोकप्रियता हासिल गर्न राम्रोसँग काम गर्नुपर्छ ।

शेरबहादुर देउवा, सभापति, कांग्रेस

राजनीतिक दलहरूप्रति प्रश्न उठेकोभन्दा पनि उठाइएको छ । दल र तिनका नेताहरूमाथि प्रश्न उठाउने कोसिस गरिएको छ, यस विषयको जवाफ यथासमयमा यथोचित ढंगले दिइनेछ ।

केपी ओली, अध्यक्ष, एमाले

संक्षेप

कोशीको प्रभाव अन्य प्रदेशमा पर्दैन : पोखरेल



दाङ / एमाले महासचिव शंकर पोखरेलले आफ्नो पार्टीको प्राथमिकतामा सरकार नभएको बताएका छन् । प्रेस चौतारी दाङले शनिबार तुलसीपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले कोशीमा कांग्रेसका आठ सांसदले सरकार बनाउन एमालेको सहयोग माग गरेपछि आफूहरूले समर्थन गरेको बताए । 'संविधानको धारा १६८ को उपधारा ५ को सरकार भएपछि विगतमा सर्वोच्च अदालतले गरेको व्याख्याअन्तर्गत एक प्रकारको निर्दलीय सरकारजस्तो बन्न पुगेको छ । लोकतन्त्रमा त्यो उचित होइन, तर संविधानले व्याख्या गरिसकेपछि त्यो आफैंमा शासकीय अभ्यास भयो,' उनले भने । तर, कोशीको प्रभाव अन्य प्रदेशमा नपर्ने उनले बताए ।

महिलामाथि दुर्व्यवहार आरोपमा डिएसपी भट्टराई निलम्बित



हुम्ला / जिल्ला प्रहरी कार्यालय हुम्लाका डिएसपी भीमलाल भट्टराई निलम्बनमा परेका छन् । मदिरा सेवन गरी महिलामाथि दुर्व्यवहार गरेको उजुरीपछि उनलाई गृह मन्त्रालयले निलम्बन गरेको प्रहरी प्रवक्ता डिआइजी कुवेर कडायतले जानकारी दिए । उनी हुम्लाका प्रहरी प्रमुखसमेत हुन् ।

भट्टराईलाई प्रहरी हेडक्वार्टरले जिल्ला प्रमुखको जिम्मेवारीबाट समेत हटाएर कर्णाली प्रदेश प्रहरी कार्यालय तानेको छ । हाल उनको ठाउँमा रवीन्द्र खनाललाई पठाइएको प्रहरी स्रोतले जानकारी दियो । यसअघि ०७७ वैशाखमा पनि इलाका प्रहरी कार्यालय बुटवलमा हुँदा कार्यालयमै मदिरा सेवन गरेको र आदेश पालना नगरेको अभियोगमा डिएसपी भट्टराईको जिम्मेवारी खोसिएको थियो ।

फिर्के खोला अतिक्रमण गरी बनेका संरचना ३५ दिनभित्र हटाउन सूचना

कास्की / पोखराका विभिन्न भाग भएर बग्ने फिर्के खोला अतिक्रमण गरी खोलाघरभित्र निर्माण गरिएका संरचना ३५ दिनभित्र हटाउन पोखरा महानगरपालिकाले सार्वजनिक सूचना जारी गरेको छ । महानगरपालिकाले गत ३ साउनदेखि खोलाघर छुट्याउन सीमांकन र रेखांकनको काम सुरु गरेको थियो । महानगरका सर्वेक्षक वासुदेव पौडेलको नेतृत्वमा रहेको ४० जनाको टोलीले ३२ दिन लगाएर सीमांकन र रेखांकनको काम सम्पन्न गरेको थियो । टोलीले दिएको प्राविधिक प्रतिवेदनपछि महानगरले खोलाघरभित्र निर्माण गरिएका अस्थायी र स्थायी संरचना ३५ दिनभित्र हटाउन शुक्रबार सार्वजनिक सूचना जारी गरेको हो ।

महानगरका प्रवक्ता मोतीलाल तिम्सिनाले खोलाघरभित्र रहेका संरचना तोकिएको समयमा सम्बन्धित व्यक्तिले हटाउनुपर्ने बताए । यदि ३५ दिनभित्र संरचनाहरू पूर्ण रूपमा नहटाए महानगर आफैंले हटाउने र हटाउँदा लागेको लागत सम्बन्धित व्यक्ति वा संस्थाले सरकारी बाँकीसरह भुक्तानी गर्नुपर्ने तिम्सिनाले जानकारी दिए ।

पोखरा-१८ सराङकोटस्थित अँधेरीकुनाबाट सुरु भएको फिर्के खेला महानगरका विभिन्न आठवटा वडाको बस्ती छिचोल्दै पोखरा ६ र १७ नम्बर वडामा पर्ने फेवातालको ड्यामसाइडनजिकैको गाईघाटबाट सीधै तालमा मिसिने गर्दछ । वडा १८ बाट सुरु भएको फिर्के खोला २, ४, ५, ८, ७, ६ र १७ नम्बर वडा हुँदै फेवातालसम्म पुगेको छ । अँधेरीकुनाबाट लगभग सात किलोमिटरअघि गएपछि मालपोत कार्यालय कास्कीभन्दा केही माथि गैरीखेत भन्ने स्थानमा लगभग दुई किलोमिटर लामो बुलौदी खोलासमेत फिर्केमा मिसिन आएको छ ।

राष्ट्रसंघका महासचिव आउने भएपछि लुम्बिनीका सडक रातारात पिच



भैरहवामा **दिपेश पछाई**

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस बुद्ध जन्मस्थल लुम्बिनी आउने भएपछि यहाँका सडक रातारात पिच गरिँदै छ । लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हाक्याल लामाले दसैँअघि नै सडक निर्माणलगायत पूर्वाधारका काम चाँडो सक्न ताकेता गरे पनि निर्माण व्यवसायीहरूले बिहीबारदेखि कामलाई तीव्रता दिएका छन् ।

यतिवेला मायादेवी मन्दिरसम्म पुग्ने बाटो सफाइदेखि ६ सय ५० मिटर सडक पिच गर्न लागिएको छ । लुम्बिनी विकास कोषका योजना प्रमुख सरोज भट्टराईले चार नम्बर गेटदेखि शान्तिदीपसम्म पुग्ने ६ सय ५० मिटर सडक पिच गर्न लागिएको जानकारी दिए । पाँच नम्बर गेटको निर्माणाधीन गेटको काम पनि सम्पन्न गर्ने तयारी भइरहेको उनको भनाइ छ । महासचिव गुटेरेसलाई चार नम्बर गेटबाट प्रवेश गराएर शान्तिदीप हुँदै मायादेवी मन्दिर लैजाने र पाँच नम्बर गेटबाट बाहिरिने गरी भ्रमणको तालिका बनाइएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निमन्त्रणामा नेपालको चारदिने भ्रमणका क्रममा गुटेरेस आइतबार काठमाडौं आइपुग्दै छन् । उनले मंगलबार बुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गर्ने भएका छन् । कोषले शनिबार लुम्बिनी सांस्कृतिक नगरपालिका, भिक्षु-भिक्षुणीसहित सरोकारवालाहरूसँग बैठक गरी महासचिव गुटेरेसको भ्रमणलाई भव्य बनाउनेबारे छलफल गरेको थियो ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष लामाले महासचिव गुटेरेसको लुम्बिनी भ्रमण भव्य बनाउने गरी तयारीमा जुट्न आग्रह गरे । महासचिवको भ्रमणले लुम्बिनीबाट विश्वशान्तिको सन्देश विश्वभर दिन सकिने उनको भनाइ छ । गुटेरेसलाई प्रधानमन्त्री प्रचण्डले सँगै लिएर आउनेछन् । मंगलबार बिहान ८:३५ बजे गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आइपुग्ने र त्यहाँबाट हेलिकोप्टरमा सीधै लुम्बिनी आउने भएका छन् ।

■ मुगु सामूहिक हत्या प्रकरण

कतारबाट घर आइपुगे दीपक



भावविह्वल दीपक बोहरालाई सान्त्वना दिँदै छिमेकी

मुगुमा **अच्युतराज भण्डारी**

श्रीमतीसहित तीन सन्तानको सामूहिक हत्याको खबर सुनेलगत्तै वैदेशिक रोजगारीको सिलसिलामा कतारमा रहेका दीपक बोहोरा शनिबार घर आइपुगेका छन् । ८ कात्तिकमा माइतीघरबाट टीका थापी तीन सन्तान बोकेर घर फर्किएकी २८ वर्षीया श्रीदेवी बोहोरा, उनका ११ वर्षीय छोरा मनोज बोहोरा, एक वर्षीय छोरा रहर बोहोरा र सात वर्षीया छोरी अप्सरा बोहोराको शव घरमा भेटिएको थियो । घर आएलगत्तै उनी भावविह्वल भएका छन् ।

दीपकले आफ्नो हरेक दिन दुई तीनपटक श्रीमतीसहित परिवारसँग भिडियो कल हुने गरेको सुनाए । उनले ८ कात्तिकमा भएको भिडियो कल नै अन्तिम भएको बताए । 'त्यस दिन परिवारका सबै घर पुगिसकेपछि पनि मोबाइलमा लामो समय कुरा भएको थियो । श्रीमतीले भोलि बारीको सिमी उखेल्नुपर्ने छ, काम सकेपछि फेरि कुरा गरौंला भनेर भिडियो कलबाट दुवैजना छुट्टिएका थियौं,' दीपकले भने । श्रीमती श्रीदेवीको फेसबुक आइडीबाट ९ कात्तिक बेलुकी ५ बजेतिर म्यासेन्जरमा परिवारको फोटो सेन्ट भएको र लगत्तै आफूले दुईपटकसम्म कल गर्दा फोन नउठेको उनले सुनाए । केही समयपछि अर्को नम्बरमा फोन गर्दा पनि अफ भएको उनको भनाइ छ ।

प्रहरीले ८ कात्तिक राति नै हत्या भएको हुन सक्ने अनुमान गरेको छ । प्रहरीले १० कात्तिकमा मात्र घटनाको जानकारी पाएको थियो । श्रीदेवी आफ्ना तीन सन्तानसँग दसैँको टीका थाप्न माइतीगाउँ गएको छरछिमेकी सबैलाई जानकारी थियो । १० कात्तिक बिहानसम्म घरमा ताला लगाएको छिमेकीले देखेपछि उनकी माइजू रेशा बोहराले श्रीदेवीको माइतीघरमा फोन गरेर भान्जीको घरमा ताला लगाएको जानकारी गराएकी थिइन् । उताबाट चारैजना ८ कात्तिकमै आफ्नो घर फर्केको खबर आएपछि छिमेकीले ताला फोडेर घरभित्र हेर्दा चारैजनाको शव देखेपछि तत्कालै प्रहरीलाई फोन गरेर जानकारी गराएको छिमेकी भक्तबहादुर बोहराले बताए ।

सडक दुर्घटना न्यूनीकरणमा सहयोगी बन्दै 'टाइम कार्ड'

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

पूर्व-पश्चिम राजमार्गअन्तर्गत बाँके राष्ट्रिय निकुञ्जमा 'टाइम कार्ड' लागू गरिएपछि सडक दुर्घटना न्यूनीकरण भएको छ । बाँके राष्ट्रिय निकुञ्जको शमशेरगन्जदेखि जिरोसम्म १५ किलोमिटर सडकमा 'टाइम कार्ड' लागू भएपछि सडक दुर्घटना न्यूनीकरण भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी निरीक्षक गोपीकृष्ण सुवेदीले बताए ।

१५ किलोमिटर सडक धागोजस्तै सीधा छ । सीधा भएकाले तीव्र गतिमा सवारीसाधन गुड्ने र सवारीचालक निदाउँदा दर्सैंका वेला सवारी दुर्घटना हुने गरेको थियो । 'टाइम कार्ड' लागू भएको ठाउँमा कुनै सवारी दुर्घटना नभएको सुवेदीले बताए । 'टाइम कार्ड लागू भएपछि सडक दुर्घटना न्यूनीकरण भएको छ,' उनले भने ।

'टाइम कार्ड' लागू भएको सडकखण्डमा प्रतिघन्टा ४० किलोमिटर गतिमा सवारीसाधन चलाउने नियम बनाइएको छ । १५ किलोमिटर दूरी पार गर्न २२-२७ मिनेटको समय दिइएको उनले बताए । 'तोकिएको समयभन्दा ढिलो गए पनि कारबाही हुन्छ, छिटो गए पनि कारबाहीको भागीदार हुनुपर्छ,' सुवेदीले भने, 'तीव्र गतिमा सवारीसाधन चलाउन नपाउँदा आपसमा जुध्ने खतरा रहँदैन । अनियन्त्रित भई दुर्घटना हुने खतरा पनि हुँदैन ।'

'टाइम कार्ड' दिने र सवारीचालकले नियम पालना गरे-नगरेको हेर्ने काम बाँके राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाले



गरिरहेको छ । नेपाली सेनाले दुईवटा सवारीसाधनलाई एउटा 'टाइम कार्ड' दिएर सँगसँगै पठाउने गरेको छ । 'निकुञ्ज क्षेत्रमा भएकाले निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाले टाइम कार्डको व्यवस्थापन गरिरहेको छ,' उनले भने ।

अघिल्लो वर्ष सो सडकखण्डमा घटस्थापनादेखि पूर्णिमासम्म १३ सवारी दुर्घटनामा परी ६ जनाको मृत्यु भएको थियो । यस वर्ष उक्त स्थानमा सवारी दुर्घटना नभएको उनको भनाइ छ । 'यस वर्ष असोजमा ११ वटा दुर्घटनामा चारजनाको मृत्यु र नौजना घाइते भए । कात्तिकमा दुईको मृत्यु र १० जना घाइते भए । तर, ती सबै पूर्व-पश्चिम राजमार्गभन्दा बाहिर भएका हुन्,' ट्राफिक प्रहरी निरीक्षक सुवेदीले भने ।

राष्ट्रसंघका महासचिवलाई चुच्चे नक्सा उपहार

महासचिव गुटेरेस र प्रधानमन्त्री दाहालको भेटमा औपचारिक कुराकानीका सिलसिलामा कूटनीतिक पत्रसाथ भित्तामा झुन्ड्याउन मिल्ने नेपालको चुच्चे नक्सा उपहारस्वरूप प्रदान गर्नुपर्छ



● बुद्धिनारायण श्रेष्ठ

अग्रलेख


संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस आज (१२ कात्तिक) देखि ४ दिने भ्रमणमा नेपाल आउन लागेका छन् । उनको सचिवालयले नेपाल भ्रमणको गृहकार्य गरिरहेको छ । न्युयोर्कस्थित राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगले पनि भ्रमण तालिकाका सम्बन्धमा काम थालेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल संयुक्त राष्ट्रसंघको ७८औँ महासभालाई सम्बोधन गर्न न्युयोर्क गएका समय महासचिवलाई नेपाल भ्रमणको निम्तो दिएका थिए । त्यही निम्तोलाई स्वीकार गरी महासचिव गुटेरेस नेपाल भ्रमणमा आउन लागेका हुन् । नेपालमा उनको यो दोस्रो भ्रमण हुनेछ । यसअघि उनी संयुक्त राष्ट्रसंघको शरणार्थीसम्बन्धी उच्चायुक्त पदमा रहँदा २२ मे २००७ मा तीनदिने भ्रमणमा नेपाल आएका थिए । भ्रमणका क्रममा उनी झापाको गोलधाप भुटानी शरणार्थी शिविर पुगेका थिए । सो अवसरमा भुटानी शरणार्थीलाई तेस्रो देश पुनर्वास गराउने योजनामा छलफल भएको थियो । फलतः एक लाख १४ हजार भुटानी शरणार्थीलाई अमेरिका, बेलायत, क्यानडा, अस्ट्रेलिया आदि देशमा लगिएको थियो । पोर्चुगलका नागरिक महासचिव गुटेरेसलाई कम विकसित देशको समस्या र समाधानका विषयमा राम्रो ज्ञान छ । अल्पविकसित नेपालबारे पनि उनलाई जानकारी रहेको बुझिन्छ ।

गुटेरेसभन्दा पहिले संयुक्त राष्ट्रसंघका तत्कालीन तेस्रो महासचिव उ थान्त, चौथो कुर्त वाल्डहाइम, पाँचौँ जेभियर पेरेज डी कोएर, सातौँ कोफी अन्नान र आठौँ महासचिव बान की मुनले क्रमशः सन् १९६७, १९७४, १९८९, २००१ र २००८ मा नेपाल भ्रमण गरेका थिए । यी महासचिवमध्ये कोएर, कुर्त वाल्डहाइम र उ थान्तले नेपाल विश्व सम्बन्ध परिषद्द्वारा आयोजित सभामा सम्बोधन गरेका थिए । वर्तमान महासचिव गुटेरेसको नेपाल भ्रमणको सिलसिलामा पनि सम्बोधनको प्रबन्ध मिलाउन आवश्यक छ ।

महासचिवलाई उपहार : महासचिव गुटेरेसले काठमाडौंमा प्रधानमन्त्री दाहाललाई भेट गर्दाको समयमा औपचारिक कुराकानीका सिलसिलामा प्रधानमन्त्रीले गुटेरेसलाई कूटनीतिक पत्रसाथ भित्तामा झुन्ड्याउन मिल्ने नेपालको चुच्चे नक्सा उपहारस्वरूप प्रदान गर्नुपर्छ । संयुक्त राष्ट्रसंघअन्तर्गतका विभिन्न अन्तर्राष्ट्रिय निकायमा नेपालको नक्सा प्रयोग गर्दा यही चुच्चे नक्सा उपयोग गर्न निर्देशन गर्नुहुन भनी अनुरोध पनि गर्नुपर्छ । प्रधानमन्त्रीले व्याख्या गर्दै नेपाल सरकारको औपचारिक नक्सा यही भएकाले र स्वनिर्णय गर्ने अधिकारअन्तर्गत यस नक्साले नेपालको भौगोलिक अखण्डता जाहेर गर्छ, त्यसैले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्अन्तर्गतको 'जियोइन्फर्म्याटिक्स डिभिजन'मा विश्वका विभिन्न देशका नक्साको आर्काइभ भएकाले यो नक्सा दर्ता गर्न पनि अनुरोध गर्नुपर्छ । यति भयो भने चुच्चे नक्साले विश्वव्यापी मान्यता पाउँछ । महासचिव गुटेरेसलाई अहिले चुच्चे नक्सा उपहार दिइएमा सरकारका तर्फबाट कालापानी मामिला सुल्झाउन विधिवत् अनुरोध गरिएको ठहर्न सक्छ ।

चुच्चे नक्सा प्रकाशित भएपछि चीनलाई औपचारिक हिसाबमा कूटनीतिक पत्रसाथ नपठाइएका कारण चीनले ११ भदौमा प्रकाशित गरेको नयाँ नक्सामा नेपालको चुच्चे नक्सा अंकित हुन सकेन । अनौपचारिक तवरले चीनलाई थाहा भए पनि यस्ता मामिलामा औपचारिकता चहिन्छ नै । त्यसैले, राष्ट्रसंघ महासचिव गुटेरेसको नेपाल भ्रमणका समयमा कूटनीतिक हिसाबले चुच्चे नक्सा प्रदान गर्न चुक्नु हुँदैन । नेपालको सार्वभौमिकता रहेको लिपुलेक-कालापानी-लिम्पियाधुरा भारतले बलजफ्ती ओगटिरहेको तथ्य संयुक्त राष्ट्रसंघलाई अनौपचारिक तवरमा राम्ररी नै थाहा छ । चुच्चे नक्सा संयुक्त राष्ट्रसंघमा दर्ता भएपछि औपचारिक तवरले जानकारी भएको मानिन्छ ।

तत्कालीन महासचिवलाई पत्र : भारतद्वारा अतिक्रमित नेपालको कालापानी मामिला सुल्झाइदिन अन्तर्राष्ट्रिय सहयोगका लागि नेपालका नौ वाम समूहका तर्फबाट अमिक शेरचन, चित्रबहादुर केसी, हिरण्यलाल श्रेष्ठसमेत नौजनाले हस्ताक्षर गरी संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव कोफी अन्नानलाई २९ जुन १९९८ मा पठाएको पत्रमा अन्नानले २७ जुलाई १९९८ मा जवाफ



दिँदै लेखेका थिए- 'कालापानीबारे संयुक्त राष्ट्रसंघबाट भारतलाई सम्पर्क गर्न नेपाल सरकारबाट राष्ट्रसंघलाई अनुरोध आउनुपर्छ ।'

वर्तमान महासचिवलाई ज्ञापनपत्र : न्युयोर्कस्थित धेरै नेपाली संस्था सम्मिलित गराई 'जय स्वाभिमान' नामक संस्थाका संयोजक वरिष्ठ सञ्चारकर्मी प्रेम बानियाँले संयुक्त राष्ट्रसंघ मुख्यालयअगाडिको 'राल्फ बन्च पार्क'मा १३ जनवरी २०२० मा एक कार्यक्रम आयोजना गरेका थिए । भारतले प्रकाशित गरेको नयाँ नक्सामा नेपालको लिपुलेक-कालापानी-लिम्पियाधुरा क्षेत्र उसको भूमिभित्र मिसाएको विरोधमा गरिएको त्यस आमसभामा प्रमुख वक्ताका रूपमा यो पंक्तिकार र अन्य नेपालीले भारतको सीमा अतिक्रमणको विरोधमा 'गो ब्याक इन्डिया फ्रम कालापानी' भन्दै स्वर गुञ्जायमान बनाएका थिए ।

> जलवायु परिवर्तन अध्ययनसम्बन्धी आयोजना कार्यान्वयन र दिगो विकासको लक्ष्यबाट नेपाललाई दिइने विकास कोषमा वृद्धि तथा ग्रामीण विकास आयोजना सम्बन्धमा राष्ट्रसंघको थप सहयोगको माग गर्नुपर्छ

विरोधसभालगत्तै वक्तामध्ये पंक्तिकारका साथै जिपी फाउन्डेसन, न्युयोर्क अध्यक्ष सोमनाथ घिमिरे, पत्रकार किशोर पन्थी, एनआरएन रामहरि अधिकारी, वरिष्ठ सञ्चारकर्मी प्रेम बानियाँ, अनिल अधिकारी, वरिष्ठ लोकदोहोरी गायक रामप्रसाद खनालसमेत पहिल्यै लिइएको समयअनुसार हामी संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसलाई नेपालको कालापानी क्षेत्र भारतको कब्जाबाट छुटाइदिन पहल गरिदिन माग गरिएको एक ज्ञापनपत्र बुझाउन संयुक्त राष्ट्रसंघ मुख्यालय भवनभित्र गएका थियौँ । त्यहाँ महासचिवको सभापतित्वमा चलिरहेको बैठक लम्बिएको हुँदा उनको प्रतिनिधि डेभिड हन्टरलाई ज्ञापनपत्र हस्तान्तरण गरेर हामी फर्किएका थियौँ । ज्ञापनपत्र प्राप्त भएको जानकारी पत्र एक सातापछि सोमनाथ घिमिरेलाई प्राप्त भएको थियो । यहाँ यो नालीबेली लाउनुको कारणचाहिँ संयुक्त राष्ट्रसंघ संस्थालाई नेपालको स्वामित्व भएको लिपुलेकदेखि लिम्पियाधुरासम्मको क्षेत्र भारतले अतिक्रमण गरेको छ भन्ने कुरो राम्ररी नै जानकारी छ ।

संयुक्त राष्ट्रसंघमा नेपाली पदाधिकारी : संयुक्त राष्ट्रसंघको माथिल्लो पदमा पुग्ने नेपालीमा कुलचन्द्र गौतमको नाम आउँछ । उनी सहायक महासचिव भए भने त्यसअघि उनले युनिसेफका उपकार्यकारी निर्देशक पदमा रही काम गरेका थिए । राष्ट्रसंघअन्तर्गतका धेरैवटा समितिको नेतृत्व पनि उनले गरेका थिए । नेपाल सरकारका तर्फबाट सशक्त कदम चालिएको भए उनी महासचिव हुने थिए । तर, नेपालको शिथिल कूटनीति र विश्व राजनीतिले नेपालीको छोरा त्यहाँ पुग्न पाएनन् । पोर्चुगलका एन्टोनियो गुटेरेस महासचिव हुन पुगे ।

संयुक्त राष्ट्रसंघमा नेपालबाट सन् १९५६ देखि ६० सम्म पहिलो प्रतिनिधित्व गर्ने हृषिकेश शाह थिए । युएन फोर्स र काटागिज सेनाबीच युद्धविराम गर्न मञ्जुरी गराउने सिलसिलामा प्रस्थान गर्दा महासचिव ड्याग ह्यामरसोल्ड चढेको हवाईजहाज कंगोमा दुर्घटना भई मृत्यु भएको कारण पत्ता लगाउन राष्ट्रसंघको साधारण सभाद्वारा अन्तर्राष्ट्रिय आयोगको अध्यक्षमा सन् १९६१ मा हृषिकेश शाह चुनिएका थिए । त्यस समय शाहले ठूलो जिम्मेवारी वहन गरी यथार्थ प्रतिवेदन बुझाएका थिए । ह्यामरसोल्डको मृत्युपछि शाह राष्ट्रसंघका महासचिव हुनेवाला थिए । तर, तत्कालीन नेपाल सरकारको सशक्त पहल नपुगेका कारण म्यानमारका उ थान्त महासचिव भए ।

विविध : महासचिव गुटेरेसको भ्रमणका दौरान नेपाली पक्षले केही महत्त्वपूर्ण विषय प्रस्तुत गर्नुपर्छ । नेपालबाट विश्वलाई नै सन्देश दिन सक्ने प्रकारको एजेन्डा राख्नुपर्छ । यसमा नेपालले मिहिन ढंगले एजेन्डा छनोट गर्नुपर्छ । महासचिवलाई बुद्धको जन्मस्थल तथा पर्यटकीय क्षेत्र लुम्बिनीको अवलोकन गराउनैपर्छ । अवलोकनका क्रममा जापानी वास्तुविद् केन्जो टाँगेले सन् १९७८ मा तयार पारेको लुम्बिनी गुरुयोजना देखाउँदै सम्झनाको चिनोस्वरूप बुद्धको प्रतिमूर्ति उपहार प्रदान गर्नुपर्छ । नेपाल भगवान् गौतम बुद्धको जन्मस्थल भएको देश हो, बुद्ध शान्तिका पुजारी हुन्, बुद्धलाई शान्तिको प्रतीक मानिन्छ भन्ने उल्लेख गर्दै विश्वका विभिन्न देशमा अशान्ति तथा वैमनस्य फैलँदै आएकाले बुद्धको शान्ति सन्देशलाई मनन गरी संसारभर नै शान्ति फैलाउन संयुक्त राष्ट्रसंघले अझ सशक्त भूमिका खेल्नु आवश्यक परेको कुरा स्मरण गराउनुपर्छ । नेपालले सन् १९५८ देखि विश्वमा शान्ति स्थापनाका लागि योगदान पुऱ्याउँदै आइरहेको नेपाली शान्ति सेनाका पदाधिकारीलाई पनि प्रोत्साहन गर्दै माथिल्लो तहमा पुग्नका लागि सहज बनाउन पनि अनुरोध गर्नुपर्छ ।

दुई पक्षबीचको छलफलका क्रममा हिमालयको हिउँ पग्लने क्रम वर्षैपिच्छे बढ्दै गएकाले नेपालको छिमेकी देश चीनको सांघाई औद्योगिक क्षेत्रबाट र भारतमा पत्थरकोइलाजस्ता वस्तु उपयोग गरी नेपालको वायुमण्डलमा तैरने कण, धुलो, धुँवाले तापक्रम वृद्धि गरेको हुँदा ती दुई देशलाई थर्मल पावर उपयोग नगर्न अनुरोध गर्न राष्ट्रसंघको सहायता खोज्नुपर्छ । यसबाहेक जलवायु परिवर्तन अध्ययनसम्बन्धी आयोजना कार्यान्वयन, दिगो विकासको लक्ष्यबाट नेपाललाई दिइने विकास कोषमा वृद्धि, ग्रामीण विकास आयोजना सम्बन्धमा राष्ट्रसंघको अरू बढी सहयोगको याचना गर्नुपर्छ । यी कुरा आफ्नै ठाउँमा छन् । तथापि, राष्ट्रसंघको महासचिवलाई चुच्चे नक्सा उपहार दिएर नेपालको भौगोलिक अखण्डता र स्वाधीनता कायम राख्ने कार्यमा सरकार अग्रसर हुनुपर्छ ।

(श्रेष्ठ सीमाविद् हुन्)

३ प्रश्न

परराष्ट्र मामिलाविज्ञ डा. निश्चलनाथ पाण्डेलाई तीन प्रश्न



राष्ट्रसंघका महासचिव नेपाल आउँदै हुनुहुन्छ । उहाँको भ्रमणलाई कसरी हेर्नुभएको छ ?

संयुक्त राष्ट्रसंघका प्रायः सबै महासचिवले नेपाल भ्रमण गरेका छन् । तर, वर्तमान महासचिवलाई स्वयं प्रधानमन्त्री प्रचण्डले नै नेपाल आमन्त्रण गर्नुभएको छ । यसले पनि यस भ्रमणलाई साविकभन्दा पृथक् चरित्र र विशेष महत्त्वका रूपमा हेर्नु मनासिब हुन्छ ।

वर्तमानमा राष्ट्रसंघको भूमिकालाई कसरी हेर्नुहुन्छ ?

रुस-युक्रेनबीच जारी युद्ध र अहिले आएर इजरायल-प्यालेस्टाइन युद्धमा पनि संयुक्त राष्ट्रसंघ पूर्ण रूपमा प्रभावहीन र कमजोर सिद्ध भएको छ । साना मुलुकको सुरक्षाका लागि त अब राष्ट्रसंघ भरोसा कवच रहेन । यो ज्यादै चिन्ताको विषय हो । युद्धका कारण निर्दोष बालबालिका मरिरहेका छन्, तर राष्ट्रसंघ वादविवाद गरेर बसिरहेको छ । यसले पारित गरेका दस्तावेज कार्यान्वयन भएका छैनन् । यतिखेर राष्ट्रसंघ शक्तिशाली राष्ट्रको कठपुतलीका रूपमा सञ्चालित भइरहेको छ ।

महासचिवको यो भ्रमणबाट नेपाललाई के फरक पर्छ ?

नेपाल जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको कोपभाजनमा परिरहेको छ । उच्च जोखिममा परेको नेपालको हिमाली क्षेत्रमा महासचिव स्वयंको स्थलगत भ्रमणले एकातिर नेपालको समस्याबारे विश्वलाई अवगत गराउन मद्दत पुग्छ भने अर्कातर्फ जोखिममा परेका देशलाई उपलब्ध गराइने सहयोगमा अभिवृद्धि हुन सक्छ । राष्ट्रसंघकै छातामुनि नेपाली सेना युनिफिल लेबनानमा तैनाथ छ । मध्यपूर्वको अहिलेको अत्यन्त विषम परिस्थितिमा उनीहरूको सुरक्षाबारे पनि यस भ्रमणमा विशेष चासोसाथ छलफल हुनु जरुरी छ ।

प्रेरक प्रसंग

मलाई माफी दिनुहोस् है !

कुनै समयमा गौतम बुद्ध एउटा आँपको बगैंचामा विश्राम गरिरहेका थिए । आँप पाक्ने मौसम थियो । त्यहाँ बालबालिकाको एउटा समूह आइपुग्यो । उनीहरू सबैले अपरिचित बुद्धको कुनै पर्वाह नगरी रुखमा ढुंगा बर्साए । रुखबाट हुरुरु आँप झरे । झरेका मिठा आँप खाँदै उनीहरू खुब रमाए । झरेका आँप खाइसकेपछि उनीहरू फेरि रुखतिर ढुंगा बर्साउन थाले । यसपटक भने संयोगले एउटा ढुंगा बुद्धको खुट्टामा बज्रिन पुग्यो । उनको खुट्टामा चोट लाग्यो । खुट्टाबाट रगत बग्न थाल्यो ।



त्यो देखेपछि त्यहाँ उपस्थित बालबालिका निकै डराए । उनीहरू त्यहाँबाट कुलेलम ठोक्न चाहन्थे । तर, बुद्धले उनीहरूलाई देखिसकेको हुनाले उनीहरू भाग्न पनि सकेनन् । त्यसैले, उनीहरूले आफूहरूको गल्ती स्विकार्दै बुद्धसँग माफी मागे । आफूले गल्तीले गर्दा बुद्धको खुट्टामा चोट लागेको भन्दै उनीहरूले आफूहरूलाई माफी दिन आग्रह गरे । आफ्नो अगाडि हात जोडेर उभिएका बालबालिकालाई हेर्दै बुद्धले शान्त हुँदै भने- बाबुनानीहरू हो ! माफी त तपाईंहरूले होइन, मैले पो माग्नुपर्छ । किनकि, एउटा सामान्य रुखले तपाईंहरूले प्रहार गरेको ढुंगाको बदलामा आँप दियो । तर, एउटा मान्छे भएर पनि मसित तपाईंहरूलाई दिन केही छैन । उल्टै मैले त तपाईंहरूलाई त्रास दिएँ । बरु, सक्नुहुन्छ भने तपाईंहरू मलाई माफी दिनुहोस् है !

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

चिनीमा लुट कहिलेसम्म ?

राजधानी काठमाडौं उपत्यकामा दसैंअघिदेखि व्यापारीले चिनीमा लुट मच्चाइरहेका छन् । उपत्यकाबाहिरका अधिकांश जिल्लामा प्रतिकेजी १२०-२५ मा पाइने चिनी राजधानीमा भने प्रतिकेजी १५० रुपैयाँ तिर्दा पनि पाउन मुस्किल छ । महँगो मूल्य तिरेपछि चिनी पाइन्छ भने यो स्वाभाविक अभाव त हुँदै होइन । यसरी चिनीमा कृत्रिम अभाव खडा गरेर कालोबजारी हुँदा पनि सरकार मौन बस्नु लज्जास्पद छ । के सरकारका हातपाउ कालोबजारियाले बाँधिदिएका र मुख थुनिदिएका छन् हो ? होइन भने सरकार चिनीमा दिनदहाडै लुट मच्चिरहँदा पनि किन मौन छ ? यसरी सर्वसाधारणलाई व्यापारीले लुटिरहँदा पनि सरकारले रमिता मात्र हेरिरहनुको अर्थ के हो ?

● **सरिता पछाइँ**, कालिमाटी, काठमाडौं

तिहार खल्लो नहोस्

पछिल्लो समय चिनीको मूल्य आकासिएको र बजारमा चरम अभावसमेत देखिएको हुनाले सबैभन्दा बढी चिनी खपत हुने नेपालीहरूको दोस्रो ठूलो चाड तिहार खल्लो हुने देखिएको छ । सरकारले बजारमा हस्तक्षेप गरेर चिनीको खुद्रा मूल्य तोक्न र बजारमा चिनी सहज रूपमा उपलब्ध गराउन नसक्ने हो भने हामीले सरकारलाई खाई-नखाई कर तिर्नुको अर्थ के नै रह्यो र ? चाडबाड आएपछि व्यापारीले मनखुसी महँगी बढाउने र सरकार चुप लाग्ने कहिलेसम्म ?

● **सुजन तिवारी**
स्युचाटार, काठमाडौं

पूर्वाधारमा लगानी गर

पछिल्लो समय नेपाली क्रिकेटको प्रदर्शनमा निकै सुधार देखिएको छ । भर्खरै युएईसँग त्रिकोणात्मक सिरिजको फाइनलमा पराजित भए पनि नेपाली क्रिकेटले निकै आशा जगाएको छ । नेपाल क्रिकेट संघ (क्यान) को सचिवमा पूर्वकप्तान पारस खड्का पुगेका छन् । उनीजति क्रिकेटको समस्या बुझ्ने व्यक्ति सम्भवतः क्यानमा अर्को कोही छैन होला । त्यसैले, अब खड्काले नेपाली क्रिकेटको विकासमा ध्यान दिनुपर्छ । र, यसका लागि क्यानले पूर्वाधार विकासमा ध्यान दिनुपर्छ ।

● **पासाङ शेर्पा**
दक्षिणढोका, काठमाडौं

नयाँ नोट कता गयो सरकार ?

बडादसैं भर्खरै सकियो । दसैं भन्नासाथ नयाँ नोटको महत्त्व नै बढी हुने गर्छ । कसैलाई दक्षिणा दिँदा नयाँ नोटकै खोजी हुने गर्छ । तर, यस वर्षको दसैंअगाडि सरकारले पर्याप्त नयाँ नोट बैंकहरूमा पठाएको दाबी गरे पनि बैंकहरूमा पुग्दा नयाँ नोट नभएको जवाफ धेरैतिरबाट पाइयो । साथै, नयाँ नोट पाइने बैंकमा पनि दिनभर लामो लाममा बस्न सर्वसाधारण बाध्य भए । तर, विडम्बना, दिनभर लाममा बस्दा पनि आफूले चाहेजति नयाँ नोट नपाएर धेरै जना खिन्न फर्किन बाध्य भए भने कैयौंले त अलिअलि पनि नयाँ नोट नपाउँदा खाली हात नै फर्किनुपऱ्यो ।


आफ्नो महत्त्वपूर्ण काम छाडेर नयाँ नोट पाइने आसमा दिनभर बैंकमा लाइन बस्न जाने सर्वसाधारणलाई सास्ती दिने काम सरकारले गरेको हो कि बैंकहरूले ? बैंकहरूमा पर्याप्त नोट पठाइएको छ भनेर सरकारले झुटो गफ दिएको हो कि बैंकहरूले नयाँ नोट लुकाएका हुन् ? यसमा बैंकहरूले मनलागी गरेका हुन् कि सकारले नै कम नोट बजारमा पठाउँदा सर्वसाधारणले यस्तो सास्ती भेल्नुपरेको हो ? दसैंको मुखमा राष्ट्र बैंकबाट बैंकहरूले पाएको नयाँ नोट बैंकहरूकै लागि मात्र हो या सर्वसाधारणका लागि पनि हो ? अझ कतैकतै त बढी रकम लिएर पनि नयाँ नोट साटिएको पनि सुनियो । के राष्ट्र बैंकले बैंकहरूमा नयाँ नोट पठाएर बैंकहरूलाई 'ब्ल्याक'मा कारोबार गर्ने छुट दिएको हो ? होइन भने राष्ट्र बैंकले पठाएको पर्याप्त भनिएको नयाँ नोट कहाँ गयो त ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

नर्गेस मोहम्मदीलाई नोबेल पुरस्कारको अर्थ

मोहम्मदीको प्रभाव पनि रहेको इरानी महिलाको आन्दोलनले आफूलाई अजेय ठान्ने इरानी सत्ताको आत्मविश्वास खस्काएको छ



देश / विदेश

● हिन्द इल्हिन्नावी

चर्चित इरानी महिला अधिकार अभियन्ता नर्गेस मोहम्मदीले इरानमा महिला उत्पीडनविरुद्धको लामो लडाइँका लागि सन् २०२३ को नोबेल शान्ति पुरस्कार पाएकी छिन् । मोहम्मदी तेहरानको इभिन जेलमा राज्यविरुद्ध प्रोपगान्डा फैलाएकोलगायत आरोपमा जेल सजाय काटिरहेकी छिन् । उनलाई नोबेल पुरस्कार समितिले 'इरानमा महिला उत्पीडनविरुद्धको लडाइँ र सबैका लागि मानव अधिकार एवं स्वतन्त्रताको प्रवर्द्धन गर्न संघर्ष गरेको' उल्लेख गर्दै पुरस्कारका लागि सिफारिस गरेको थियो ।

इरानमा महिलामाथि हुने हिंसाको विरोधमा इरान र विश्वभरका महिलाले विरोध गरिरहेका वेला उनलाई यो पुरस्कार दिइएको हो । अहिले पनि इरानमा विरोध चलिरहेको छ । यो विरोध महसा अमिनीलाई इरानी महिला पोसाक संहिता पालना नगरेको भन्दै त्यहाँका नैतिकता प्रहरीले हिरासतमा हत्या गरेपछि चर्किएको थियो । नोबेल समितिका अनुसार 'इरानका प्रदर्शनकारीले अपनाएको नारा 'महिला-जीवन-स्वतन्त्रता'ले नर्गेस मोहम्मदीको समर्पण र कामलाई प्रतिनिधित्व गर्छ' ।

महिला-जीवन-स्वतन्त्रता नारा लिएर इरानी राज्य दमनविरुद्ध लामो समयसम्म विरोध गर्नु आफैंमा उल्लेखनीय हो । वर्ष दिनदेखि इरानको धार्मिक अधिनायकवादविरुद्धको महिला आन्दोलन दशकौं लामो संघर्षको शृंखलाको पछिल्लो कडी हो । अहिले संघर्षले आधुनिक इतिहासको सबैभन्दा दमनकारी शासनविरुद्ध चलिरहेको संघर्षमा महत्त्वपूर्ण परिवर्तन ल्याएको छ । यो परिवर्तनको प्रकृति र प्रभाव अभूतपूर्व छ ।

इरानमा सन् १९७९ को क्रान्तिपछि अयातोल्लाह रुहोल्लाह खोमेनीको नेतृत्वमा इस्लामिक धर्मगुरुले सरकारमाथि बलियो पकड जमाएका थिए । इरानी सत्ताले विशेषतः महिला निर्देशित कैयौं दमनकारी कानून लागू गरेको थियो । तर, सत्ताको हिंसाको बाबजुद महिला उत्पीडनविरुद्धको विरोधमा अग्रपंक्तिमा रहे ।

मोहम्मदी सन् १९९० को दशकको सुरुमा विद्यार्थीका रूपमा संघर्षमा सामेल भएकी थिइन् । भौतिकशास्त्रमा स्नातक गरेपछि र इन्जिनियरिङ पेसा गरिरहँदा उनले महिला अधिकारका लागि आन्दोलन र सुधारवादी पत्रपत्रिकामा स्तम्भ लेख्न थालेकी थिइन् । उनी पहिलोपटक सन् १९९८ मा इरान सरकारको आलोचना गरेको कारण पक्राउ परेकी थिइन् । सन् २००३ सम्म उनले तेहरानको डिफेन्डर्स अफ ह्युमन राइट्स सेन्टरसँग काम गरिरहेकी थिइन् । इस्लामिक विश्वकी पहिलो नोबेल पुरस्कार विजेता महिला सिरिन इबादी डिफेन्डर्सकी संस्थापक थिइन् ।

मोहम्मदीलाई १३ पटक पक्राउ गरिएको छ र पाँचपटक दोषी ठहर भई कुल ३१ वर्षको जेल सजाय र १५४ कोर्राको सजाय पाएकी थिइन् । सन् २०२२ मा जब महिला-जीवन-स्वतन्त्रता भनेर चिनिने विरोधको लहरले विश्वव्यापी मान्यता पाउन थाल्यो, तब उनलाई तेहरानको सबैभन्दा कुख्यात जेलमा थुनिएको थियो । त्यसवेला मोहम्मदीले आफूजस्तै अधिकारका लागि लड्ने कैदीसँग ऐक्यबद्धताको पहल गरेकी थिइन् । नतिजा इरानी अधिकारीले आगन्तुक भेट र फोन कल निषेध गरेर मोहम्मदीलाई दण्डित गरेका थिए । यी कडीकडाउका बाबजुद उनले लेखेको एउटा लेख जेलबाहिर निस्कियो र सेप्टेम्बर २०२३ मा 'उनीहरूले हामीलाई जति धेरै थुन्छन्, हामी त्यति बलियो हुन्छौं' भन्ने शीर्षकमा न्युयोर्क टाइम्समा छापियो ।

परिवर्तनमा महिला आन्दोलनको अग्रणी भूमिका : लोकतान्त्रिक परिवर्तनका लागि महिलाको नेतृत्वमा भएका आन्दोलन प्रायः प्रभावकारी हुने गरेका छन् । इतिहासमा यसका प्रशस्तै उदाहरण देख्न सकिन्छ ।



तस्बिर : एबिदिन तेहरकेनारे/इपिए-इएफइ

हालैका वर्षमा अर्जेन्टिनाको ह्यासट्याग नि उना मेनोस (अब अर्को हुनुहुँदैन) भन्दै महिला हत्याविरुद्ध न्याय खोज्ने महिला र बालिकाको नेतृत्वमा आन्दोलन चलेको थियो । नतिजा राष्ट्रपति अल्बर्टो फर्नान्डेजको प्रशासनमा महिला, लैंगिकता र विविधता मन्त्रालय गठनसम्मको प्रभाव पारेको थियो ।

पिनोसेको तानाशाहीभन्दा अघि र पछि चिलीमा अधिकारको आन्दोलनमा महिला अग्रणी स्थानमा थिए । र, अहिले त्यहाँको नारीवादी आन्दोलनले गर्भपतन अधिकारका लागि कडा आन्दोलन गरिरहेको छ र यो आन्दोलन ह्यासट्याग नि उना मेनोसबाट प्रभावित भएको थियो । आन्दोलनका कारण दशकौं पुरानो पिनोसे कालमा स्थापित संविधानलाई प्रतिस्थापन गर्दै सन् २०२२ मा तयार गरिएको नयाँ संविधानमा गर्भपतनका लागि कानुनी सुरक्षा गरिएको थियो । उसो त एक जनमत संग्रहले सेप्टेम्बर २०२२ मा संवैधानिक मस्यौदालाई अस्वीकार गरेको थियो, तथापि बहस जारी रहँदा महिला अधिकार आन्दोलनमा अग्रपंक्तिमै छन् ।

महिला-जीवन-स्वतन्त्रता : निरन्तर दमनका बाबजुद महिला-जीवन-स्वतन्त्रता आन्दोलनको एक वर्षपछि इरानी महिला आफ्नो अधिकारका लागि अझै लडिरहेका छन् । आन्दोलनको सफलता अनिश्चित भए पनि सत्ताको अजेय हुँ भन्ने आत्मविश्वास खस्किएको छ र यसलाई महिलाको राजनीतिक सीमान्तीकरणले पनि चुनौती दिएको छ । सुरक्षा कडाइका बाबजुद पितृसत्तात्मक शासनविरुद्धको लडाइँ जारी छ । यदि विरोध प्रदर्शनले सत्ता उलटफेर नै नगरे पनि अभिव्यक्ति स्वतन्त्रता, शारीरिक स्वायत्तता र राजनीतिक संलग्नताका लागि महिलाले अघि सारेका मागले इरानको सामाजिक र राजनीतिक परिदृश्यलाई पुनः आकार दिएको हुन सक्छ ।

नोबेल पुरस्कार समितिले नर्गेस मोहम्मदीलाई इरानी महिलाको अधिकारका लागि ३० वर्षभन्दा लामो समयदेखिको गरेको आन्दोलनका लागि सम्मान गरेको छ । पुरस्कार मोहम्मदीमा मात्रै सीमित छैन । समितिले 'विगतका वर्षमा महिलालक्षित भेदभाव र उत्पीडन गर्ने ईश्वरतान्त्रिक शासनको नीतिविरुद्ध प्रदर्शन गर्ने लाखौं मानिसका लागि पनि हो' भन्ने स्पष्ट पारेको छ ।

महिला आवाजले इरानी धर्मतन्त्रको वैधानिकतालाई चुनौती दिइरहेको छ । इरानी जनताको विरोधको यो लहर विश्वव्यापी रूपमा प्रतिध्वनित भएको छ । यसले महिला संघर्षको महत्त्वलाई बढाएको छ । इरानी महिलाको आन्दोलनले विश्वभरका महिलालाई आफ्नो अधिकार र स्वतन्त्रताका लागि लड्न प्रेरित गरेको छ ।

(इल्हिन्नावी नटिंघम विश्वविद्यालयकी समाज विज्ञानकी वरिष्ठ लेक्चरर हुन्)
द कन्भर्सेसनबाट

युद्धमा सफल भइहाल्यो भने इजरायलले के गर्छ ?

अक्टोबर ७ मा हमासले गरेको क्रूर आतंकवादी हमलापछि पश्चिमा शक्तिले इजरायलको आत्मरक्षाको अधिकारलाई समर्थन गरिरहेका छन्



● कार्ल बिल्डट

सन् १९९१ देखि १९९४ सम्म स्वीडेनका प्रधानमन्त्री रहेका बिल्डट प्रसिद्ध अन्तर्राष्ट्रिय कूटनीतिज्ञ हुन्। उनले बाल्कनका लागि संयुक्त राष्ट्रसंघीय विशेष दूत र डेटन शान्ति सम्मेलनका सह-अध्यक्षको रूपमा काम गरिसकेका छन्।

गाजा नरक बन्ने जोखिममा छ। लगभग १६ सय मानिसको मृत्यु हुने गरी इजरायलमाथि हमासले गरेको क्रूर आक्रमणको जति निन्दा गरे पनि पुग्दैन। मारिएकामध्ये अधिकांश निर्दोष नागरिक थिए। हमासको बन्धक बनाउने कार्य पनि उत्तिकै निन्दनीय छ। विश्व इजरायलको आत्मरक्षाको अधिकारका पक्षमा दृढ छ। तर, हामी यहाँसम्म कसरी आइपुग्यौं, इजरायली र प्यालेस्टिनी दुवैका लागि क्षेत्रीय शान्ति र स्थिरताको अर्थ पनि कुनै व्यावहारिक मार्ग छ कि छैन भन्ने कुरा पनि हामीले विचार गर्नुपर्छ। हुनत, अहिले युद्धको प्रारम्भिक दिनै चलिरहेको छ तर विभिन्न परिदृश्यबारे सोचविचार गर्नु हाम्रो कर्तव्य हुन्छ।

हमासको पछिल्लो आक्रमणकै दिन ५० वर्षअघि (सन् १९७३ को योम किप्पुर युद्धमा) सिरिया र इजिप्टले इजरायलमाथि संयुक्त आक्रमण गरेका थिए। सुरुमा सो युद्धमा हार्ने सम्भावनालाई लिएर इजरायल अत्तालिएको थियो। तर, इजरायलीहरूले अन्ततः पासा आफ्नो पक्षमा पल्टाए र विजयी भए। त्यसपछि क्रमिक रूपमा यस भेगमा शत्रुता अन्त्यको परिस्थिति सिर्जना हुँदै गएको थियो। इजरायल र उसका दुई छिमेकी पहिले इजिप्ट र त्यसपछि जोर्डनमा शान्ति कायम भयो।

यिनै सम्झौतापछि सन् १९६७ देखि इजरायली कब्जामा रहेका प्यालेस्टाइनी भूमिमा स्थानीयको शासन फर्कियो। सन् १९९३-९५ को ओस्लो सम्झौताले इजरायल र प्यालेस्टाइन शान्तिपूर्ण सह-अस्तित्वमा रहन सक्ने सम्भावना सिर्जना गऱ्यो। दुवै देशले जेरुसलेमलाई समेत बाँडेर राजधानी बनाउने सहमति जनाए।

तर, दुःखको कुरा योम-किप्पुर युद्धपछिको देखिएको कूटनीतिक प्रगति दुई दशकसम्म मात्र कायम रह्यो। पछिल्लो तीन दशक यस भेगमा मित्रताभन्दा कटुता बढ्यो। दुवैतर्फ मेलमिलाप र सम्झौताको विरोध गर्ने शक्ति हाबी भए। हमासमा प्यालेस्टिनी कट्टरपन्थी र सम्बद्ध संगठन बलिया भएका छन् भने इजरायली कट्टरपन्थीहरूले पश्चिम किनाराका प्यालिस्टिनी भूमिमा अवैध बस्ती विस्तार गरेका छन्। ओस्लो सम्झौताले निर्माण गरेको सम्भावनालाई दुवैतर्फका कट्टरपन्थीले मिलेर भत्काएका छन्।



अक्टोबर ११ मा इजरायली वायुसेनाले बमबारी गरेपछि गाजापट्टीस्थित क्षतिग्रस्त जालिया शरणार्थी शिविर। तस्बिर : महमुद हयाम्स/एएफपी

तर, यो असफलताको दोष अन्तर्राष्ट्रिय समुदायलाई पनि जान्छ। यसबीच, युरोपेली संघ र संयुक्त राज्य अमेरिका दिगो शान्ति प्रक्रियामा गम्भीरतापूर्वक संलग्न हुने विषयमा विचलित भएका छन्। उनीहरूलाई प्यालेस्टाइनको मुद्दालाई बेवास्ता गर्नु नै सजिलो लाग्यो। यही कारणले अक्टोबर ७ आक्रमणअघि समेत ओस्लो सम्झौता पूर्णतः बिर्सिइसकेको थियो। आक्रमणपछि अहिले सबैले एक-अर्कालाई दोष दिनेछन्।

वेस्ट बैंक (पश्चिम किनारा) मा रंगभेदलाई स्थापित गर्दै अवैध इजरायली बस्तीहरू विस्तार भएसँगै प्यालेस्टिनी प्राधिकारले सम्पूर्ण विश्वसनीयता गुमाइसकेको छ। युवा प्यालेस्टिनीहरू आफ्नो भविष्यप्रति चरम निराशामा छन्। केही हिंसाले मात्र अहिलेको अवस्थाको निकास दिने निष्कर्षमा पुगेका छन्। इजरायल र संयुक्त अरब इमिरेट्स तथा बहराइनबीचको कूटनीतिक सम्बन्ध सामान्यीकरणको मार्ग प्रशस्त गर्ने हालैको अब्राहम सम्झौता (एकर्डस्) निःसन्देह सकारात्मक विकासक्रम थियो। तर, प्यालेस्टाइनको मुद्दालाई पन्छाउन सम्बन्ध सामान्यीकरण गर्ने सोच नै गलत थियो। ढिलोचाँढो यो मुद्दा पुनः सतहमा आउने निश्चित थियो। र, हमासको क्रूर आतंकवादी आक्रमणपछि समस्याको पुनरागमन भएको छ।

अहिले विश्वको ध्यान हमासको उन्मूलन गर्ने इजरायलको घोषित उद्देश्यमा केन्द्रित छ। घना आवादीयुक्त गाजापट्टीमा हमास नेतृत्व र उसका पूर्वाधार नष्ट गर्न जुनसुकै वेला व्यापक इजरायली सशस्त्र कारबाही सुरु हुन सक्छ। इजरायलले उसको घोषित लक्ष्य हासिल गरिनै हाल्यो भने त्यसपछि के हुन्छ त ? के इजरायलले ध्वस्त गाजामाथिको प्रत्यक्ष नियन्त्रण कायम राख्नेछ ? के उसले लाखौं विस्थापित प्यालेस्टिनीहरूलाई आफ्नो घर फर्कन अनुमति दिनेछ ? अथवा ऊ पछि हट्दै उसको सुरक्षामाथि नयाँ खतराको उदयको पर्खाइमा रहनेछ ? के हुनेछ भन्ने कसैलाई थाहा छैन। किनकि यसको कुनै वास्तविक समाधान छैन। मध्यपूर्वमा एक्ल्याइएको अवस्थाको गाजाको अवस्था सधैं समस्यापूर्ण हुनेछ, हमासको ठाउँमा अरू कसैले शासन गर्दैमा यो अवस्था बदलिँदैन। बन्दुक चल्न रोकिएपछि र मृतकको संख्या गनेर सकिएपछि राजनीतिक नेताहरूको कर्तव्य शान्तिको खोजीलाई सुरुवात गर्नु हुनेछ। निःसन्देह, अहिले सबैका घाउ आला छन्। तर, सन् २०२३ लाई नयाँ शान्तिप्रक्रिया अर्थात् सन् १९९३ को नयाँ संस्करणको प्रस्तानबिन्दु बनाउन सम्भव छ कि छैन भनेर सोच्ने वेला आएको छ। पक्कै पनि आजको अवस्था एकदम फरक छ। किनकि दुवै पक्षको अडान कडा भएको छ। तर, सन् २००२ को 'अरब पिस इनिसिएटिभ'का आधारभूत सिद्धान्तमा फर्कनु राम्रो सुरुवात बिन्दु हुनेछ।

साउदी अरबले अघि सारेको सो प्रस्तावको उद्देश्य इजरायलसँग कूटनीतिक सामान्यीकरण गर्नु थियो। बदलामा इजरायलले प्यालेस्टिनी भूमिमाथिको नियन्त्रण समाप्त गर्नुपर्ने थियो। एक पुस्ता खेर गए पनि नयाँ नेता सो 'अरब पिस इनिसिएटिभ'को त्यही ढाँचामा फर्कनु उचित हुन्छ। सधैँभरि, यथार्थ कुरा गरिएजति सहज हुनेछैन। तर, कुनै पनि शान्ति प्रक्रिया आधारभूत सिद्धान्तको स्वीकारोक्तिबाट नै सुरु हुनुपर्छ। यसमा अमेरिका, युरोपेली संघ र चीनजस्ता प्रमुख शक्तिलाई सहमतिमा जोड्नुपर्छ। तत्कालका लागि यो एउटा सपनाजस्तो लागे पनि यसको विकल्प अर्को त्रासदी मात्र हो। भलै बीचमा केही समय असहज शान्ति भएजस्तो देखिएला।

आगामी दिन स्थिति भयावह हुन सक्छ। गाजामा इजरायली ट्यांकहरू गुड्न थालेपछि त्यो भविष्यमा शान्तिको सम्भावना नष्ट नहुने गरी प्रयोग हुने आशा मात्र गर्न सकिन्छ। यसका लागि अन्तर्राष्ट्रिय कानुन, विशेषगरी अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान सर्वोपरि हुन आउँछ। शान्तिपूर्ण भविष्य निर्माणको जगै यही हो। कुनै समय यस भूमिले मानवजातिलाई स्वर्गको भल्को दिएको थियो। हामीले अहिले यस भेगलाई नरकउन्मुख हुन दिनुहुँदैन। आज यहाँ निराशाको अँध्यारो छाएको छ, यस अवस्थामा आशाको दियोलाई निभ्न नदिनु थप महत्त्वपूर्ण भएको छ।

- प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज



सन् २००५ : भारतको राजधानी नयाँदिल्लीका विभिन्न सहरमा शृंखलाबद्ध विस्फोट। दीपावलीको पूर्वसन्ध्यामा भएका ती हमलामा ६० जनाको मृत्यु।

सन् १८६३ : स्विट्जरल्यान्डको जेनेभामा रेडक्रसका लागि अन्तर्राष्ट्रिय समिति (आइसिआरसी)को स्थापना। रेडक्रसले तीनपटकसम्म नोबेल शान्ति पुरस्कार प्राप्त गरिसकेको छ।

सन् १९९८ : अमेरिकाका ७७ वर्षीय जोन ग्लेन डिस्कभरी सटलमार्फ अन्तरिक्षमा उडेका थिए। उनी अन्तरिक्षमा उड्ने पहिलो वृद्ध हुन्।

सन् २००८ : डेल्टा एयरलायन्सलाई नर्थवेस्ट एयरलायन्ससँग मर्ज गरिएको थियो।

सन् २०१२ : स्यान्डी आँधीका कारण अमेरिकाको पूर्वी तटमा ठूलो जनधनको क्षति। आँधीबाट अमेरिकामा ५० अर्ब डलरबराबरको क्षति भयो।

सन् २०१५ : चीनद्वारा एक सन्तान नीति समाप्त भएको घोषणा। सन् २०१६ देखि चीनमा दम्पतीलाई दुई सन्तान जन्माउन अनुमति प्रदान गऱ्यो।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-०७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. १०१८४१/०६८/६९, स्थानीय व्यापार अन्तर्गत मिति: २०६८/१०/०६ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २४, सवलबहाल स्थित **तनिक्स इम्पेक्स** **प्रोप्राईटर तथा जमानिकर्ता: दुङ्ग प्रसाद आचार्य** स्थायी ठेगाना : चितवन जिल्ला, खैरहनी गा.वि.स वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ३, सुर्य दर्शन हाईट बाबु : हङ्ग राज शर्मा आचार्य बाजे : भागीरथ आचार्य	**२) दुङ्ग प्रसाद आचार्य** स्थायी ठेगाना : चितवन जिल्ला, खैरहनी गा.वि.स वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ३, सुर्य दर्शन हाईट बाबु : हङ्ग राज शर्मा आचार्य बाजे : भागीरथ आचार्य
	धितोको विवरण	
	१) वासुदेव आचार्यको नाती, भागीरथ आचार्यको छोरा, चितवन जिल्ला, खैरहनी गाउँ पञ्चायत वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ३, सुर्य दर्शन हाईट बस्ने हङ्ग राज शर्मा आचार्यको नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगातमा दर्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ६क (हाल खैरहनी न.पा. वडा नं. ५) स्थित कित्ता नं. ८४८, ८४९, ८५२, ९२६ र ९२७ को क्षेत्रफल क्रमश : १६८४.६६, ५०.७९, ११०.०५, १७०१.६२ र ४३१.७५ वर्गमिटर. को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) तनिक्स इम्पेक्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	जमानीकर्ताहरुको विवरण	
	१) हङ्ग राज शर्मा आचार्य स्थायी ठेगाना: चितवन जिल्ला, खैरहनी गाउँ पञ्चायत वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ३, सुर्य दर्शन हाईट बाबु : भागीरथ आचार्य बाजे : वासुदेव आचार्य	**२. सृजना पन्त** स्थायी ठेगाना : चितवन जिल्ला, रत्ननगर गा.वि.स वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ३, सुर्य दर्शन हाईट बाबु : लावण्य राज पन्त ससुरा: हङ्ग राज शर्मा आचार्य पति : दुङ्ग प्रसाद आचार्य
	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
२)	**रोहित कुमार भर** स्थायी ठेगाना : नवलपरासी जिल्ला, जहदा गा.वि.स. वडा नं. ९ हालको ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १२ बाबु : दुःखी भर बाजे : कुरई भर	**१) सुरज भर** ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १२ बाबु : रोहित कुमार भर बाजे : दुःखी भर **२) लक्ष्मी देवी भर** स्थायी ठेगाना : नवलपरासी जिल्ला, जहदा गा.वि.स. वडा नं. ९ हालको ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १२ बाबु : सुखु भर ससुरा : दुःखी भर पति : रोहित कुमार भर
	धितोको विवरण	
	कुरई भरको नाति, दुःखी भरको छोरा, नवलपरासी जिल्ला, जहदा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १२ मा बस्ने रोहित कुमार भरको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट, सुस्ता पश्चिम) को लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, जहदा गा.वि.स. वडा नं. ९ ख (हाल बर्दघाट न.पा. वडा नं. १२) स्थित कित्ता नं. ८८ को क्षेत्रफल ०-११-८-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-०७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग (फर्म रजिष्ट्रेशन शाखा)मा प्रा.फ.र.नं. ११८९२४/०७१/०७२, समुन्द्रपार आयात, निर्यात अर्न्तगत मिति २०७१/०६/२४ मा प्राइभेट फम रजिष्ट्रेसन ऐन, २०७४ बमोजिम दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं.१६, क्षेत्रपाटी स्थित **सुनिता सांग्रिला क्रिचशन** **प्रोप्राईटर तथा जमानीकर्ता: सुनिता श्रेष्ठ** स्थायी ठेगाना : गोरखा जिल्ला, गोरखकाली गा.वि.स. वडा नं. ३ हालको ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ४ बाबु : मोहन कृष्ण श्रेष्ठ ससुरा : तिर्थलाल श्रेष्ठ पति : शरद श्रेष्ठ	**२) सुनिता श्रेष्ठ** स्थायी ठेगाना : गोरखा जिल्ला, गोरखकाली गा.वि.स. वडा नं. ३ हालको ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ४ बाबु : मोहन कृष्ण श्रेष्ठ ससुरा : तिर्थलाल श्रेष्ठ पति : शरद श्रेष्ठ
	जमानीकर्ताको विवरण	
	शरद श्रेष्ठ स्थायी ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं.१६, हालको ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ४ बाबु : तिर्थलाल श्रेष्ठ बाजे : हर्ष लाल श्रेष्ठ	
	धितोको विवरण	
	१) मोहन कृष्ण श्रेष्ठकी छोरी, तिर्थलाल श्रेष्ठकी बुहारी, शरद श्रेष्ठकी पत्नि, गोरखा जिल्ला, गोरखकाली गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०४, बस्ने सुनिता श्रेष्ठको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगातमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, पांगा बालकुमारी गा.वि.स. वडा नं. ५ (हाल: काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११५ को क्षेत्रफल ०-७-२-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सुनिता सांग्रिला क्रिचशन को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	जमानीकर्ताको विवरण
	३) शरद श्रेष्ठ स्थायी ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं.१६, हालको ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ४ बाबु : तिर्थलाल श्रेष्ठ बाजे : हर्ष लाल श्रेष्ठ	**सुनिता श्रेष्ठ** स्थायी ठेगाना : गोरखा जिल्ला, गोरखकाली गा.वि.स. वडा नं. ३ हालको ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ४ बाबु : मोहन कृष्ण श्रेष्ठ ससुरा : तिर्थलाल श्रेष्ठ पति : शरद श्रेष्ठ
	ऋणीको विवरण	
२)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागमा प्रा.फ.र.न. ११४६२२/०७०/०७१ स्थानीय व्यापार, अन्तर्गत मिति २०७०/०८/३० मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२, सुन्धारा स्थित **चुनिक कलेक्सन** **प्रोप्राइटर तथा जमानीकर्ता : दिपेन्द्र लाल देव** स्थायी ठेगाना : मोरङ जिल्ला, कटहरी गा.वि.स. वडा नं. ९ हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२, सुन्धारा बाबु : योगेन्द्र लाल देव बाजे : सुन्दर लाल देव	
	धितोको विवरण	
	१) जहरी लाल वाइसकी छोरी, सुन्दर लाल (वैश्य) देवकी बुहारी, जोगेन्द्र वैश्य (देव)की पत्नि, मोरङ जिल्ला, थलाहा गा.वि.स. वडा नं.२ मा बस्ने शान्ति देवी वाइसको नाममा मालपोत कार्यालय मोरङ विराटनगरको लगातमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कटहरी गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ४९ र २३२ को क्षेत्रफल क्रमश: ५५३.७५ र १९६.८७ (व.मि.)को घरजग्गा र सो घर जग्गा चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सुन्दर लाल देवको नाती, योगेन्द्र लाल देवको छोरा, मोरङ जिल्ला, कटहरी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२ मा बस्ने दिपेन्द्र लाल देवको नाममा मालपोत कार्यालय विराटनगार मोरङको लगातमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कटहरी गा.वि.स. वडा नं. ९ (हाल कटहरी गा.वि.स. वडा नं.४) स्थित कित्ता नं. ३०७ को क्षेत्रफल ५९० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) चुनिक कलेक्सनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	जमानीकर्ताहरुको विवरण		
	१) शान्ति देवी वाइस स्थायी ठेगाना : मोरङ जिल्ला, थलाहा गा.पं वडा नं. २ हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२, सुन्धारा बाबु : जहरी लाल वाइस ससुरा : सुन्दर लाल (वैश्य) देव पति : जोगेन्द्र वैश्य (देव)	**२) खगेन्द्र लाल (देव)** स्थायी ठेगाना : मोरङ जिल्ला, कटहरी गा.वि.स. वडा नं. ९ हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२, सुन्धारा बाबु : भोगेन्द्र लाल देव बाजे : सुन्दर लाल देव	**३) जोगेन्द्र वैश्य** ठेगाना : मोरङ जिल्ला, कटहरी गा.वि.स. वडा नं. ९ बाबु : सुन्दर लाल वैश्य (देव) बाजे : जहरी लाल वैश्य देव

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार १२ कात्तिक ०८०

निजगढ एयरपोर्टको प्रतिवेदन प्रधानमन्त्री कार्यालयमा अलपत्र

विज्ञ समूहको प्रतिवेदन मन्त्रिपरिषद्ले स्वीकृत नगर्दा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अनिश्चित बन्दै

नवीन अर्याल/नयाँ पत्रिका

प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको अध्ययन प्रतिवेदन एक वर्षदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अलपत्र परेको छ। हवाई पूर्वाधारविज्ञ वीरेन्द्रबहादुर देउजा नेतृत्वमा गठित विज्ञ समूहले देशभर अध्ययन गरेर पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल बनाउन निजगढ क्षेत्र नै उपयुक्त हुने सुझावसहित प्रतिवेदन बुझाएको थियो।

विज्ञ समूहका संयोजक देउजाले २ असोज ०७९ मै तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई प्रतिवेदन हस्तान्तरण गरेका थिए। मन्त्रिपरिषद्ले गठन गरेको विज्ञ समूहको प्रतिवेदन आफैंले स्वीकृत नगर्दा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अनिश्चित बन्दै गएको छ। निजगढको प्रतिवेदन मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि बल्ल निर्माण प्रक्रिया अगाडि बढ्ने नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए।

देशको दूरगामी विकास तथा आर्थिक समृद्धिका लागि बढ्दो हवाई ट्राफिक धान्न सक्ने पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल आवश्यक रहेको र त्यसका लागि बाराको निजगढ क्षेत्र नै सबैभन्दा उपयुक्त देखिएको विज्ञ समूहले निष्कर्ष निकालेको थियो। प्रतिवेदन बुझ्दै तत्कालीन प्रधानमन्त्री देउवाले विमानस्थल निर्माणमा ढिलाइ गर्न नहुने बताएका थिए। तर, प्रधानमन्त्री कार्यालयमा अलपत्र प्रतिवेदनका बारेमा तालुकदार पर्यटन मन्त्रालय र क्यान नै अनभिज्ञ छन्।

प्रधानमन्त्री कार्यालयले विमानस्थल निर्माणको मोडालिटी, लगानीको ढाँचालगायत विषयमा थप राय-सुझाव लिनका लागि लगानी बोर्डमा प्रतिवेदन पठाएको क्यानको भनाइ छ। तर, अहिलेसम्म विज्ञ समूहको अध्ययन प्रतिवेदन लगानी बोर्डको कार्यालयमा नआएको प्रवक्ता अमृत लम्सालले बताए। गत महिना क्यानको सिनामंगलमा निर्माण गरिएको मुख्यालय उद्घाटन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालले निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य छिट्टै अगाडि बढ्ने



तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई २ असोज ०७९ मा प्रतिवेदन हस्तान्तरण गर्दै विज्ञ समूहका संयोजक वीरेन्द्रबहादुर देउजा। फाइल फोटो

बताएका थिए। उनले भनेका थिए, 'विज्ञ समूहको सुझावमा टेकेर निजगढ निर्माणको निर्णय मन्त्रिपरिषद्बाट हुनेछ।' तर, एक वर्षअघिदेखि अध्ययन प्रतिवेदन मन्त्रिपरिषद्ले स्वीकृत नगर्दा निजगढको प्रक्रिया नै अगाडि बढ्न नसकेको विषयमा भने आफैं पनि अनभिज्ञ देखिए।

■ लगानी बोर्ड नै अलमलमा

यसअघि चैत ०७८ मा बसेको लगानी बोर्डको ५०औं बैठकले राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा कमिटी गठन गरेको थियो। कमिटीलाई निजगढ विमानस्थल निर्माणको मोडालिटी र लगानीको ढाँचा तय गर्ने म्यान्डेड दिइएको लगानी बोर्डका सिइओ सुशील भट्टले बताए। तर, लगानी बोर्डमा यस विषयमा छलफलसमेत नभएको स्रोतको भनाइ छ।

सरकारले बजेटमै लगानी बोर्डमार्फत निर्माण मोडालिटी र लगानीको ढाँचा तय गरी निजगढ विमानस्थल निर्माण अगाडि बढाउने घोषणा गरेपछि बोर्डको ५५औं बैठकले फेरि सोही कमिटीलाई निर्माण मोडालिटी र लगानीको ढाँचा तय गर्न निर्देशन दिएको छ। अहिले राष्ट्रिय योजना आयोगको उपाध्यक्ष पनि परिवर्तन भइसकेका छन्। लगानी बोर्डको उक्त कमिटीलाई पुनः सक्रिय बनाइए पनि छलफल गर्न बैठक नै बस्न सकेको छैन। लगानी बोर्डले विमानस्थल निर्माण र लगानीको ढाँचाबारे आफ्नो राय-सुझाव नदिँदा निर्माणमा झनै अन्योल थपिएको बताइन्छ।

कमिटीले प्रस्तावित निजगढ विमानस्थलका विषयमा विस्तृत अध्ययन गरेर छिट्टै मोडालिटी तय गर्ने बोर्डका सिइओ सुशील भट्टले बताए। उनले भने, 'अब छिट्टै कमिटीको बैठक बसेर काम अगाडि बढाउँछौं।' क्यानले निजगढ विमानस्थलको गुरुयोजना बनाएको छ। कमिटीले क्यानले तयार गरेको गुरुयोजना, विज्ञ समूहको प्रतिवेदन अध्ययनका साथै आफैंले पनि विस्तृत अध्ययन गरी प्रतिवेदन बुझाउने उनको भनाइ छ।

निजगढ विमानस्थलको विषयमा प्रधानमन्त्री कार्यालय, तालुकदार पर्यटन मन्त्रालय, क्यान र लगानी बोर्डबीच तालमेल हुन नसक्दा पनि ठोस निर्णय हुन नसकेको लगानी बोर्डका एक कर्मचारीले बताए।

■ बजेट र नीति तथा कार्यक्रममा प्राथमिकता

सरकारले पटक-पटक निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने बताउँदै आएको छ। तर, सरकार आफैंले विज्ञ समूहको प्रतिवेदन नै स्वीकृत नगर्दा काम अगाडि बढ्न सकेको छैन। अर्थमन्त्री डा. प्रकाशशरण महतले चालू आर्थिक वर्षको बजेटमा वातावरणीय प्रभाव मूल्यांकन तथा अन्य पूर्वतयारीका कामका लागि बजेट विनियोजन गरेको बताएका छन्। 'लगानीको मोडालिटी तय गरी निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अगाडि बढाइनेछ,' बजेट भाषणमा उल्लेख छ।

देउवाले गत असोजमै विज्ञ समूहको प्रतिवेदन स्वीकृत गरी निजगढको शिलान्यास गर्ने तयारीमा थिए। तर, स्वार्थ समूह हाबी हुँदा शिलान्यासको काम यत्तिकै रोकिएको स्रोतको भनाइ छ। त्यसयता पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, बहालवाला प्रधानमन्त्री पुष्पकमल दाहाल, अर्थमन्त्री डा. महत, पर्यटनमन्त्रीलगायतले निजगढ परियोजनालाई तत्कालै अगाडि बढाउने भाषण गर्दै आइरहेका छन्।

केही दिनअघि क्यानको सिनामंगलमा निर्माण गरिएको नयाँ भवन उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले विज्ञ समूहको सुझावमा टेकेर निजगढ निर्माणको निर्णय मन्त्रिपरिषद्बाट हुने र विमानस्थल निर्माण कार्य छिट्टै अगाडि बढ्ने बताएका थिए।

सरकारले निजगढ आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन, बस्ती स्थानान्तरण, मुआब्जा, जग्गा संरक्षणलगायतका पूर्वतयारीका कार्यलाई निरन्तरता दिँदै लगानीको मोडालिटी तय गरेर काम अगाडि बढाउने बताउँदै आएको छ। क्यानले चालू आवको आन्तरिक बजेटमा निजगढ परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन र अन्य पूर्वतयारीका कामका लागि करिब एक अर्ब ३३ करोड रुपैयाँ बजेट छुट्याएको छ।

■ सर्वोच्चको फैसलामा के थियो ?

क्यानले निजगढ विमानस्थल निर्माणको पूर्वतयारीका कामहरू सम्पन्न गर्न लागेकै वेलामा सर्वोच्च अदालतले पुरानो प्रक्रिया र काम सबै खारेज गरिदिएको थियो। बारामा विमानस्थल क्षेत्रमा चार किल्ला छुट्याएर तारबार गर्ने, बकैया र पसाहा नदी कटान, स्थानीयलाई मुआब्जा दिएर स्थानान्तरण गर्नेलगायत काम भइरहेको थियो। क्यानले विमानस्थलमा ४५ सय मिटर लामो धावनमार्गसहितको डिजाइनसमेत तयार पारिसकेको थियो। यो कामका लागि क्यानले तीन अर्बभन्दा बढी रकम खर्च गरिसकेको दाबी गर्दै आएको छ।

सर्वोच्च अदालतले देशमा अन्तर्राष्ट्रिय विमानस्थल आवश्यक भए विज्ञ समूह गठन गरेर विस्तृत अध्ययन गराई कमभन्दा कम वातावरणीय क्षति हुने गरी निर्माण अगाडि बढाउन परमादेश दिएको थियो। सोही आदेशबमोजिम मन्त्रिपरिषद्ले २६ साउन ०७९ मा हवाई पूर्वाधारविज्ञ देउजाको नेतृत्वमा अध्ययन टोली गठन गरेको थियो।

विज्ञ समूहको प्रतिवेदनमा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थलका लागि उपयुक्त स्थान काठमाडौं-तराई द्रुतमार्ग (फास्ट ट्र्याक) र पूर्व-पश्चिम राजमार्गसँगै जोडिएको पसाहा नदी र बकैया नदीबीचको करिब नौ हजार हेक्टर क्षेत्रफलभित्रको करिब चार हजार हेक्टर क्षेत्र उपयुक्त रहेको उल्लेख छ। करिब नौ हजार हेक्टरको विमानस्थल संरक्षण क्षेत्र घोषणा गरी विभिन्न चरणमा विमानस्थल निर्माण गर्ने गरी जम्मा करिब चार हजार हेक्टर क्षेत्रफल मात्र विमानस्थल निर्माणका लागि उपयोग गर्ने र बाँकी क्षेत्रमा भएका रूखको संरक्षणलगायत नदी कटान रोकथाम तथा अन्य आवश्यक संरक्षण कार्य विमानस्थल व्यवस्थापनले गर्नुपर्ने प्रतिवेदनमा सुझाव छ। पहिलो चरणमा करिब १५ सय हेक्टर क्षेत्रफलमा मात्र रूख कटानी गर्ने र बाँकी क्षेत्रमा दोस्रो चरण सुरु नभएसम्म रूख कटान नगर्न सुझाव दिइएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय: कीर्तिपुर, काठमाण्डौ, फोन: ०१-४३३२३६३/६४

को

शाखा कार्यालय कीर्तिपुर, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०७/१२ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय कीर्तिपुर, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति मिति २०८०/०६/०१ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०७४/०७/२६ मा दर्ता नं. १७८०५१/०७४/०७५ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, कीर्तिपुर न.पा. वडा नं. ५, भत्केपाटी स्थित **सिद्धि होम डेकोर एण्ड फर्निसिङ्ग प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. ज्ञानराज पोख्रेरेलको नाति, तारापति पोख्रेरेलको छोरा, काठमाण्डौ जिल्ला, कीर्तिपुर न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **बासुदेव पोख्रेरेल (ना.प्र.प.नं. ३७-०२-७०-०६८२१, काठमाण्डौ)**

२. तारापति पोख्रेरेलको नाति, बासुदेव पोख्रेरेलको छोरा, काठमाण्डौ जिल्ला, कीर्तिपुर न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **सन्तोष पोख्रेरेल (ना.प्र.प.नं. २७-०१-७७-०६५५२, काठमाण्डौ)**

३. तारापति पोख्रेरेलको बुहारी, बासुदेव पोख्रेरेलको पत्नी, काठमाण्डौ जिल्ला, कीर्तिपुर न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **जयन्ता अर्याल (ना.प्र.प.नं. ५५२३, काठमाण्डौ)**

धितोमा रहेको सम्पतिको विवरण

जयन्ता अर्यालको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौंको लगतमा दर्ता श्रेस्ता कायम रहेको, काठमाण्डौं जिल्ला, मच्छेगाऊं गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. २२४ को क्षेत्रफल ०-५-१-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गा ले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०७/१२ गते आइतवारदेखि यस बैंकको कर्जा असुली विभाग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय कीर्तिपुर, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र मिति २०८०/०७/२५ गतेदेखि मिति २०८०/०७/३० गतेसम्म सार्वजनिक विदा परेकाले मिति २०८०/०८/०१ गते शुक्रवार कार्यालय समय भित्र यस बैंकको कर्जा असुली विभाग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त रासि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०८/०२ र मिति २०८०/०८/०३ गते सार्वजनिक विदा परेकाले मिति २०८०/०८/०४ गते सोमवार दिउँसो ४:०० बजे यस बैंकको कर्जा असुली विभाग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

८. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको कर्जा असुली विभाग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय कीर्तिपुर, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

नवीकरणीय ऊर्जा न्यूनतम खपतमा भारतको नयाँ व्यवस्था

नेपालको जलविद्युत्ले राम्रो बजार पाउन सक्ने

नयाँ पत्रिका

भारतले आफ्नो देशभन्दा बाहिरका जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् खरिद गरी खपत गरिएमा त्यसलाई पनि नवीकरण ऊर्जा अंश गणना हुने व्यवस्था गरेको छ।

भारतको विद्युत् मन्त्रालयले गत ३ कात्तिकमा राजपत्रमा सूचना प्रकाशित गर्दै सन् २०२४-२५ देखि २०२९-३० सम्मका लागि नवीकरणीय ऊर्जाको न्यूनतम खपत अंश तोकेको छ। जसमा वायु, जलविद्युत् वितरित र अन्य नवीकरणीय ऊर्जाको खपत हिस्सालाई तोकिएको छ।

भारतका अनुमतिपत्र प्राप्त वितरण कम्पनीहरू र खरिदकर्ताका लागि अनिवार्य जलविद्युत् खरिद (एचपिओ)को न्यूनतम खपत अंश तोक्दै केन्द्रीय सरकारबाट भारतमा विद्युत् बिक्रीका लागि स्वीकृति प्राप्त छिमेकी देशका जलविद्युत् आयोजनाबाट खरिद गरिएको विद्युत्लाई पनि नवीकरणीय ऊर्जा खपत अंशमा राख्न पाउने व्यवस्था गरेको हो। यसअघि यस्तो एचपिओको व्यवस्था भारतमा उत्पादित जलविद्युत् आयोजनाबाट खरिद गरिएको विद्युत्मा मात्र व्यवस्था थियो।

भारतको नयाँ व्यवस्थाअनुसार नवीकरणीय ऊर्जा खपत हिस्सा सन् २०२४-२५ मा २ ९.९१ प्रतिशत र २०२९-३० सम्ममा बढाएर ४३.३३ प्रतिशतको लक्ष्य भेट्नुपर्नेछ। यसमध्ये जलविद्युत् खपत हिस्सा सन् २०२४-२५ मा ०.३८ र सन् २०२९-३० सम्ममा बढाएर १.३३ प्रतिशतको लक्ष्य भेट्नुपर्नेछ। यसका लागि ३१ मार्च २०२४ पछि सञ्चालनमा आएका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई मात्र गणना हुने व्यवस्था गरिएको छ। तोकिएको एचपिओको हिस्सा पुऱ्याउनैपर्ने र नपुऱ्याउने वितरण कम्पनीहरू तथा विद्युत् खरिदकर्तालाई जरिवाना हुने व्यवस्था गरिएको छ।

अन्य नवीकरणीय ऊर्जाका लागि तोकिएको खपत अंश १ अप्रिल २०२४ अघि सञ्चालनमा आएका जलविद्युत् आयोजनाहरूबाट खरिद गरिएको विद्युत्लाई समेत गणना गर्न सकिने व्यवस्था छ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अनिवार्य जलविद्युत् खरिदको नयाँ व्यवस्था व्यावहारिक रूपमा लागू भए नेपाल, भारत र भुटानलाई फाइदा पुग्ने बताउनुभयो।

'आफ्नो देशभन्दा बाहिरका जलविद्युत् आयोजनाहरूबाट खरिद गरिएको विद्युत्लाई पनि एचपिओमा समावेशको व्यवस्था गर्न हामीले लामो समयदेखि भारतलाई आग्रह गर्दै आएकोमा अहिले यसलाई समेटिएको छ, यसले भारतका विद्युत् वितरण कम्पनीहरू तथा खरिदकर्तालाई जलविद्युत् आयोजनाहरूको विद्युत् खरिद गर्न सजिलो हुनेछ,' कार्यकारी निर्देशक घिसिङले भने, 'यो व्यवस्था व्यावहारिक रूपमा कार्यान्वयन भएमा नेपालको जलविद्युत्ले भारतमा राम्रो बजार पाउनेछ।'

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ। प्राधिकरणले आइएक्सको डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र केही अघिबाट मध्यकालीन विद्युत् सम्झौताबमोजिम करिब ११० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगमले एनभिभिएनलाई बिक्री गरिरहेको छ। एनभिभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिइएकै पाँच सय २२ मेगावाटमध्येबाट पहिलो चरणमा करिब ४४ मेगावाट विद्युत् रियल टाइम मार्केटमा बिक्रीलाई पनि अनुमति दिएको छ। नेपाल विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा पाँच सय २२ मेगावाट र एनभिभिएनलाई एक सय १० मेगावाट गरी ६ सय ३२ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति पाएको छ।

नौ दिनपछि सेयर बजार खुल्दै, कस्तो रहला कारोबार ?

विगतको प्रवृत्ति र लाभांशको माहोलले आशा जगाएको छ : लगानीकर्ता

भोजराज भण्डारी/नयाँ पत्रिका

दसैंको नौ दिन बिदापछि नेपाल स्टक एक्सचेन्ज (नेप्से) आइतबार खुल्दै छ। दसैंअघि निरन्तर घटिरहेको अवस्थामा रहेको सेयर कारोबारले दसैंपछि कस्तो दिशा समात्ला भन्ने आमलगानीकर्तालाई चासो बढेको छ।

सेयर कारोबार बन्द हुनुअघि २ कात्तिकमा नेप्से परिसूचक चार दशमलव शून्य पाँच अंकले घटेर एक हजार नौ सय ३ दशमलव ८४ विन्दुमा आइपुगेको थियो। धितोपत्र र ऋणपत्र गरी कारोबारमा आएका दुई सय ८४ कम्पनीको ३७ लाख ६६ हजार कित्ता सेयर किनबेच हुँदा ९७ करोड रुपैयाँको कारोबार भएको छ। त्यस्तै, कारोबारमा १३ वटा सूचकमध्ये लगानीगत समूह, बैंकिङ समूह, सामूहिक लगानी



र अन्य समूहको सूचक सामान्य बढेको थियो।

दसैंपछि मिश्रित कारोबार

दसैंपछिको सेयर कारोबार कस्तो रहला भन्ने आमचासो रहेको छ। तर, विगतको दसैंपछिको कारोबारलाई नियाल्दा मिश्रित देखिएको छ। गत वर्ष दसैंपछि कारोबार खुलेको दिन नेप्से सूचक ४४ दशमदलव ६२ अंकले बढेको थियो। सो समयमा नेप्से सूचक एक हजार आठ सय ९८ दशमलव ३८ विन्दुमा रहेको थियो। त्यसपछि बजार लगातार दुई दिन घटेको रेकर्ड गत वर्षको दसैंपछिको कारोबारमा देखिन्छ। लगानीकर्ता ताराप्रसाद फुल्लेले दसैंपछि बजार सकारात्मक बन्न सक्ने आधारहरू तय भएको बताए। उनले भने, 'लाभांशको समय पनि चलेको छ, ब्रोकर कमिसनले पनि पूर्णता पाउनेछ।' कात्तिकमा बैंकको ब्याजदर घट्ने हल्लाले पनि लगानीकर्ता थप उत्साहित बनेको उनको भनाइ छ।

नेपाल पुँजी बजार संघकी अध्यक्ष राधा पोखरेलले पनि आगामी बजारमा केही सुधार आउन सक्ने बताइन्। उनले भनिन्, '१८ सयको बजारबाट एक तह उक्लिएको छ, पुँजी बजारको क्षेत्रमा केही नीतिगत सुधार पनि भएको हुँदा बजार सकारात्मक हुने आधार छन्।'

भूकम्पबाट क्षतिग्रस्त विद्यालयलाई नेसनल लाइफको सहयोग

नयाँ पत्रिका

नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले गत १६ असोजको भूकम्पबाट क्षतिग्रस्त बझाङको श्री बालविकास माध्यमिक विद्यालयको पुस्तकालय पुनर्निर्माणका लागि आर्थिक सहयोग प्रदान गरेको छ ।


जयपृथ्वीनगरपालिका-४ स्थित बालविकास माध्यमिक विद्यालयको प्रांगणमा सम्पन्न एक कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले विद्यालयका प्रधानाध्यापक केशरबहादुर खातीलाई आर्थिक सहयोग हस्तान्तरण गरे । प्रमुख कार्यकारी अधिकृत खत्रीले कम्पनीको सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालयलाई सहयोग गर्न पाउँदा आफूलाई खुसी लागेको बताए । उक्त सहयोगबाट पुस्तकालय पुनर्निर्माणमा विद्यालयलाई राहत मिल्ने उनले बताए ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक खातीले शिक्षाका लागि कम्पनीले विद्यालयमा गरेको आर्थिक सहयोगबाट पुस्तकालय पुनर्निर्माण गरिने जानकारी दिँदै आर्थिक सहयोग प्रदान गरेकोमा कम्पनी र



सिइओलाई धन्यवाद दिए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गनबहादुर खातीको सहभागिता थियो ।

रिजाललाई डा. सरोजिनी नायडु अन्तर्राष्ट्रिय पुरस्कार



काठमाडौं/ दक्षिण एसियाली महिला विकास मञ्चकी अध्यक्ष प्रमिला रिजाल डा. सरोजिनी नायडु अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित भएकी छिन् । विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने विश्वभरका व्यावसायिक एवं सक्रिय महिलाहरूलाई यो अवार्ड प्रदान गरिँदै आएको छ ।

डा. सरोजिनी नायडु अन्तर्राष्ट्रिय अवार्ड मनोनयन समितिले सार्तौं संस्करणको पुरस्कार रिजाललाई प्रदान गरेको हो । दक्षिण एसियामै महिला उद्यमशीलता विकासमा योगदान पुऱ्याएबापत उनलाई यो पुरस्कार दिइएको हो । दिल्लीमा एसियन एकेडेमीले सुरु गरेको यो पुरस्कारले विश्वभरका व्यावसायिक महिलाहरूलाई आ-आफ्नो प्रभाव क्षेत्रका विभिन्न क्षेत्रमा उत्कृष्ट प्रयासका लागि पहिचान र सम्मान गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । यसअघि रिजाल इन्दिरा गान्धी प्रियदर्शिनी लाइफटाइम एचिभमेन्ट अवार्डबाट समेत सम्मानित भएकी थिइन् ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. १५८८/०५/०५

स्वर्गारोहण: वि.सं. २०८०/०६/३०

स्व. रत्न कुमारी श्रेष्ठ

यस संस्थाका सल्लाहकार समिति सदस्य श्री शम्शेर कुमार श्रेष्ठज्यू एवम् महिला उद्यम उपसमिति सदस्य श्रीमती रुक्मणी श्रेष्ठज्यूकी ममतामयी माता/सासु दिवंगत **रत्न कुमारी श्रेष्ठको** दुःखद निधनको खबरले हामी यस संस्थाका सञ्चालक समिति, विभिन्न उप-समितिहरु, कर्मचारीवर्ग लगायत सम्पूर्ण शेयर सदस्यहरुलाई मर्माहत र स्तब्ध तुल्याएको छ । आज १३औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

याम श्रेष्ठ
अध्यक्ष, तथा
धौलाश्री बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार
गोङ्गबु आवास क्षेत्र, काठमाडौं

एभरेष्ट बैंकका अध्यक्ष श्रेष्ठको निधन



काठमाडौं/ एभरेष्ट बैंक लिमिटेडका संस्थापक एवं सञ्चालक समितिका अध्यक्ष विष्णुकृष्ण श्रेष्ठको निधन भएको छ । ९४ वर्षीय श्रेष्ठको गत ६ कात्तिकमा मेडिसिटी अस्तालमा उपचारका क्रममा निधन भएको हो ।

श्रेष्ठको अन्त्येष्टि उनकै इच्छाबमोजिम एभरेष्ट बैंकको सहयोगमा पशुपतिमा सञ्चालनमा रहेको कम दाउराले शव जलाइने प्रविधिमा आधारित वुडन क्रिमेटरीमा ७ कात्तिकमा सम्पन्न भएको बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले जानकारी दिए । 'स्वर्गीय श्रेष्ठको कुशल नेतृत्व एवं अभिभावकत्वमा एभरेष्ट बैंकले उदाहरणीय प्रगति गर्दै आफूलाई दिगो, दरिलो र विश्वासिलो बैंकका रूपमा स्थापित गर्न सफल भएको विदितै छ,' उनले भने, 'यस दुःखद घडीमा सान्त्वना प्रदान गर्ने सबैमा धन्यवाद वक्त गर्दै, शोकाकुल श्रेष्ठ परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।'

दसैँ बिदामा सौराहाका होटेल भरिभराउ

भरतपुर/ दसैँ बिदाको समयमा चितवनको पर्यटकीय नगरी सौराहाका होटेल भरिभराउ भएका छन् । दसैँअघि सुनसान रहेका होटेल दसैँपछि भरिभराउ भएपछि व्यवसायी उत्साहित भएका छन् । सौराहामा आन्तरिकसँगै भारतीय र तेस्रो मुलुकका पर्यटक पनि आएका छन् । दसैँ सुरु भएपछि अधिकांश होटेल पर्यटकले भरिएको व्यवसायीले बताएका छन् ।

क्षेत्रीय होटेल संघ चितवन सौराहाका अध्यक्ष नरेश गिरीले पर्याप्त मात्रामा आन्तरिक तथा बाह्य पर्यटक नआउँदा निराश पर्यटन व्यवसाय चाडबाड सुरु भएसँगै पुनः तँग्रिन थालेको बताए । 'दसैँअघि सौराहा सुनसान जस्तै थियो,' उनले भने, 'पर्यटकीय सिजन सुरु भएसँगै पर्यटक बढ्न थालेका छन् ।' देशमा अर्थतन्त्रको बढ्दो समस्याले कतै आन्तरिक पर्यटकको संख्यामा पनि कमी आउने हो कि भन्ने चिन्तामा रहेका व्यवसायीलाई दसैँको माहोलले भने केही उत्साहित बनाएको गिरीले बताए ।

आन्तरिक तथा विदेशी पर्यटकको चहलपहल बढ्दै जाँदा सुस्ताउँदै गरेको सौराहाको पर्यटनलाई पुनः पुरानै लयमा फर्काउने राम्रो संकेत दिएको सौराहाका पर्यटन व्यवसायी वासु ढुंगाना बताउँछन् । - रासस

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चाबहिल, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०७/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/०४/२५ को अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण
कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७१ साल पौष महिना ०६ गते रोज १ मा दर्ता नं. १२९८३५/०७१/०७२ तथा करदाता सेवा कार्यालय, कालीमाटीमा मिति २०७१/०९/०८ मा स्थायी लेखा नम्बर (PAN) ६०२४४९२७२ अन्तर्गत दर्ता कायम भएको **अटोपा प्रा.लि.** ।
व्यक्तिगत जमानीकर्ताको विवरण
१. ज्योति नारायण सैंजुको नाति, युगल प्रसाद सैंजुको छोरा, पाल्पा जिल्ला, साविक तानसेन न.पा. वडा नं. १५ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ०४ बस्ने **नविन प्रसाद सैंजु** (ना.प्र.नं. २/६५९, जारी मिति २०६३/१२/१३, जि.प्र.का. पाल्पा) ।
२. युगल प्रसाद सैंजुको बुहारी, नविन प्रसाद सैंजुको पत्नी, पाल्पा जिल्ला, साविक तानसेन न.पा. वडा नं. १५ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ०४ बस्ने **अर्चना सैंजु** (ना.प्र.नं. ३९१०६६/२१८८, जारी मिति २०६७/०३/१७, जि.प्र.का.पाल्पा) ।
धितोको विवरण
युगल प्रसाद सैंजुको बुहारी, नविन प्रसाद सैंजुको पत्नी, पाल्पा जिल्ला, साविक तानसेन न.पा. वडा नं. १५ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ०४ बस्ने अर्चना सैंजु (ना.प्र.नं. ३९१०६६/२१८८, जारी मिति २०६७/०३/१७, जि.प्र.का.पाल्पा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको साविक ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ०४ स्थित कि.नं. १७६५ को क्षेत्रफल ०-४-०-०, घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
शर्तहरु :
१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय चाबहिल, काठमाडौंबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ । २. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०७/२६ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय चाबहिल, काठमाडौंमा बुझाई सक्नु पर्नेछ । ३. प्राप्त बोलपत्रहरु मिति २०८०/०७/२७ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय चाबहिल, काठमाडौंमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन । ४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ । ५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ । ६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन । ७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदातालै बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ । ८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ । ९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन । १०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । ११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय चाबहिल, काठमाडौं मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ । १२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : चाबहिल, काठमाडौं
फोन नं. ०१-४५८२७९५
Website : www.siddharthabank.com

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोतरीमा प्रा.फ.र.नं.:- ६३०२/७३२/०७६/०७७ अन्तर्गत मिति २०७७/०३/१८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ स्थित, **गणपति खाद्यान्न भण्डार** **प्रोप्राईटर तथा जमानीकर्ता: मीना कुमारी चौधरी** **धितोको विवरण** १) सखिचन चौधरीकी छोरी, राम सेवक चौधरीकी बुहारी, कपिलदेव चौधरीकी पत्नि, महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने मीना कुमारी चौधरीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोतरीको लगतमा दर्ता कायम रहेको महोतरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. १ ग (हाल र रामगोपालपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०३४, १०३६, १०५३, १०५५, १०५७ र १०५९ को क्षेत्रफल क्रमशः ०-४-२.५-०, ०-४-२.५-०, ०-४-१०-०, ०-१-१२.५-०, ०-१-१२.५-० र ०-३-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) गुलतेन चौधरीको नाती, राम सेवक चौधरीको छोरा, महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने कपिलदेव चौधरीको नाममा मालपोत कार्यालय जलेश्वर, महोतरीको लगतमा दर्ता कायम रहेको महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. १०३७ को क्षेत्रफल ०-०-५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) गणपति खाद्यान्न भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **ऋणीको विवरण** / **धितोको विवरण** **२) कपीलदेव चौधरी** स्थायी ठेगाना : महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ हालको ठेगाना : महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बाबु : राम सेवक चौधरी बाजे : गुलतेन चौधरी सखिचन चौधरीकी छोरी, राम सेवक चौधरीकी बुहारी, कपिलदेव चौधरीकी पत्नि, महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने मीना कुमारी चौधरीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोतरीको लगतमा दर्ता कायम रहेको महोतरी जिल्ला, निगौल गा.वि.स. वडा नं. ८ ख (हाल औरही न.पा. वडा नं. २) स्थित कित्ता नं. ५८४ को क्षेत्रफल ०-६-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । **ऋणीको विवरण** ३) प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोतरीमा प्रा.फ.र.नं. : ५८३८/२६८/०७६/०७७ अन्तर्गत मिति २०७६/०६/१७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ स्थित, गणपति जेनरल स्टोर्स प्रोप्राईटर तथा जमानीकर्ता: सनम जयसवाल **धितोको विवरण** १) सखिचन चौधरीकी छोरी, राम सेवक चौधरीकी बुहारी, कपिलदेव चौधरीकी पत्नि, महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने मीना कुमारी चौधरीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोतरीको लगतमा दर्ता कायम रहेको महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. ८२२ को क्षेत्रफल ०-०-१३ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सखिचन चौधरीकी छोरी, राम सेवक चौधरीकी बुहारी, कपिलदेव चौधरीकी पत्नि, महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने मीना कुमारी चौधरीको नाममा मालपोत कार्यालय बर्दिवास, महोतरीको लगतमा दर्ता कायम रहेको महोतरी जिल्ला, विजलपुरा गा.वि.स. वडा नं. २ घ (हाल बर्दिवास न.पा. वडा नं. १३) स्थित कित्ता नं. ४६९ को क्षेत्रफल ०-१-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) सखिचन चौधरीकी छोरी, राम सेवक चौधरीकी बुहारी, कपिलदेव चौधरीकी पत्नि, महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने मीना कुमारी चौधरीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १ (हाल जनकपुर उ.म.न.पा. वडा नं. १) स्थित कित्ता नं. ६५ र ६७ को क्षेत्रफल क्रमशः ०-०-५-२.५० र ०-०-४-३.५० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) काशी प्रसाद कलावारकी छोरी, कपिलदेव चौधरीकी बुहारी, अनिल कुमार चौधरीकी पत्नि, धनुषा जिल्ला, भरतपुर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने सनम जयसवालको नाममा मालपोत कार्यालय जलेश्वर, महोतरीको लगतमा दर्ता कायम रहेको महोतरी जिल्ला, मेघनाथ गोर्हन्ना गा.वि.स. वडा नं. १ क (हाल भंगाहा न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३०६, ३९०, ३९४ र ३९८ को क्षेत्रफल क्रमशः ०-४-१३-०, ०-५-५-०, ०-४-१६-० र ०-१४-४-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ५) गणपति जेनरल स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **जमानीकर्ताको विवरण** १) मीना कुमारी चौधरी, स्थायी ठेगाना: महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३, हालको ठेगाना: महोतरी जिल्ला, औरही न.पा. वडा नं. १, बाबु : सखिचन चौधरी, ससुरा : राम सेवक चौधरी, पति : कपिलदेव चौधरी २) सनम जयसवाल, स्थायी ठेगाना: धनुषा जिल्ला, भरतपुर गा.वि.स. वडा नं. ५, हालको ठेगाना: महोतरी जिल्ला, औरही न.पा. वडा नं. १, बाबु : काशी प्रसाद कलावार, ससुरा : कपिलदेव चौधरी, पति : अनिल कुमार चौधरी ३) कपील देव चौधरी, स्थायी ठेगाना: महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३, हालको ठेगाना: महोतरी जिल्ला, औरही न.पा. वडा नं. १, बाबु : राम सेवक चौधरी, बाजे : गुलतेन चौधरी ४) अनिल कुमार चौधरी, स्थायी ठेगाना: महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३, हालको ठेगाना: महोतरी जिल्ला, औरही न.पा. वडा नं. १, बाबु : कपिलदेव चौधरी, बाजे : राम सेवक चौधरी
२)	१) नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, स्थानिय व्यापार प्रा.फ.र.नं. ३८५६/०७२/०७२ अन्तर्गत मिति २०७२/०४/११ मा व्यापारिक प्रयोजनको लागि, प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम, दर्ता भएको बारा जिल्ला, कलैया न.पा. वडा नं. ८ स्थित **गौतम इन्टर प्राइजेज** **प्रोप्राईटर तथा जमानीकर्ता: गौतम साह** **धितोको विवरण** १) नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, स्थानिय व्यापार प्रा.फ.र.नं. ३८५६/०७२/०७२ अन्तर्गत मिति २०७२/०४/११ मा व्यापारिक प्रयोजनको लागि, प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम, दर्ता भएको बारा जिल्ला, कलैया न.पा. वडा नं. ८ स्थित (हाल कलैया उ.म.न.पा. वडा नं. ८) गौतम इन्टर प्राइजेजको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ३ (हाल कलैया उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १२७ को क्षेत्रफल ०-५-३-०(विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) अच्छेलाल साह तेलीकी बुहारी, रामशंकर साह तेलीकी पत्नी, बारा जिल्ला, गजभवानीपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल बारा जिल्ला, महागढीमाई न.पा. वडा नं. १० बस्ने मुर्ती कुमारीको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, बलिरामपुर गा.वि.सु. वडा नं. ६ (हाल कलैया उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं.५३९ को क्षेत्रफल ०-२-१-०(विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) प्रशुराम साह तेलीको नाती, अच्छेलाल साह तेलीको छोरा, बारा जिल्ला, गजभवानीपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल बारा जिल्ला, महागढीमाई न.पा. वडा नं. १० बस्ने राम एकवाल प्रसाद साह तेलीको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, गजभवानीपुर गा.वि.स. वडा नं. ३ गाउ (हाल महागढीमाई न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३५४को क्षेत्रफल ०-०-७-८(विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) गौतम इन्टर प्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **ऋणीको विवरण** **२) विनय साह** स्थायी ठेगाना : बारा जिल्ला, गजभवानीपुर गा.वि.स. वडा नं. २ हालको ठेगाना : बारा जिल्ला, महागढीमाई न.पा. वडा नं. १० बाबु : अच्छेलाल साह तेली बाजे : रामशंकर साह तेली **जमानीकर्ताको विवरण** **१) विनय साह**, स्थायी ठेगाना : बारा जिल्ला, गजभवानीपुर गा.वि.स. वडा नं. २, हालको ठेगाना : बारा जिल्ला, महागढीमाई न.पा. वडा नं. १०, बाबु : रामशंकर प्रसाद साह तेली, बाजे : रामशंकर साह तेली **२) गौतम साह (क्रेडिट कार्ड कर्जा समेत)**, स्थायी ठेगाना : बारा जिल्ला, महागढीमाई न.पा. वडा नं. ३, हालको ठेगाना : बारा जिल्ला, महाग

■ आइसिसी एकदिवसीय विश्वकप- २०२३

अस्ट्रेलियाको रोमाञ्चक जित

न्युजिल्यान्डविरुद्ध रोमाञ्चक जित निकाल्दै अस्ट्रेलियाले आइसिसी एकदिवसीय विश्वकपको शीर्ष चारको सम्भावना बनायो

धर्मशाला/ न्युजिल्यान्डविरुद्धको रोमाञ्चक खेलमा पाँच रनको जित निकाल्दै अस्ट्रेलियाले आइसिसी एकदिवसीय विश्वकपको सेमिफाइनल सम्भावना बलियो बनाएको छ। सुरुवाती खेलमा कमजोर प्रदर्शन गरेको अस्ट्रेलियाले न्युजिल्यान्डविरुद्ध भने सानदार प्रदर्शन गरेको थियो। कीर्तिमानी पाँचपटकको च्याम्पियन अस्ट्रेलियाको विश्वकपमा चौथो जित हो। न्युजिल्यान्डको भने दोस्रो हार हो। अस्ट्रेलियाले दिएको तीन सय ८८ रनको लक्ष्य पछ्याएको न्युजिल्यान्डले ९ विकेट गुमाएर मात्र तीन सय ८३ रन बनाउन सक्यो। अन्तिम ओभरमा न्युजिल्यान्डलाई १९ रन चाहिएको थियो। अन्तिम बलमा ६ रन चाहिएको अवस्थामा न्युजिल्यान्ड चुक्यो। जारी विश्वकपमा सातौँपटक ३५० रन पूरा भएको छ।

अस्ट्रेलियाको जितमा ट्राभिस हेडले शतकीय इनिङ्स खेले। उनले ६७ बलमा एक सय ९ रन बनाएका हुन्। न्युजिल्यान्डको इनिङ्समा रचिन रविन्द्रले ८९ बलमा एक सय १६ रन बनाए पनि टोलीलाई जित दिलाउन सफल भएनन्। जितपछि समान ६ खेलबाट दुवै टोलीको समान ८ अंक रहेको छ। नेट रनरेटका आधारमा न्युजिल्यान्ड तेस्रो र अस्ट्रेलिया चौथो स्थानमा छ। समान १० अंक भए पनि दक्षिण अफ्रिका पहिलो र भारत दोस्रो स्थानमा छ। भारतले एक खेल कम खेलेको छ। शनिबार नै भएको खेलमा नेदरल्यान्ड्सले बंगलादेशलाई ८७ रनले पराजित गरेको छ।



रचिनको शतक छायामा

न्युजिल्यान्डको इनिङ्समा तेस्रो नम्बर क्रिज आएका रचिन रविन्द्रले शतकीय इनिङ्स खेलेका थिए। यद्यपि, उनको शतक छायामा परेको छ। रचिनले ८९ बलमा ९ चौका र ५ छक्कासहित एक सय १६ रन बनाए। रचिनले विश्वकपमा दोस्रो शतक बनाएका हुन्। उनी विश्वकपमा दोस्रो शतक हान्ने पहिलो युवा खेलाडी बनेका छन्। उनले भारतीय खेलाडी सचिन तेन्दुलकरको कीर्तिमान तोडेका हुन्। सचिनले २४ वर्षमा दुई शतक प्रहार गरेका थिए।

डेरी मिचल र जेम्स निसमले अर्धशतक बनाए। मिचलले ५१ बलमा ५४ रन बनाए। निसमले ३९ बलमा आक्रामक ब्याटिङ गर्दै ५८ रन जोडेका हुन्। यसबाहेक डेभन कोन्वेले २८ र विल योङ्गले ३२ रनको योगदान गरेका थिए। दुईबीच ६१ रनको साझेदारी भएको थियो। मिचेल र रविन्द्रबीच सर्वाधिक ९६ रनको साझेदारी भएको हो। अस्ट्रेलियाका लागि एडम जाम्पाले सार्वधिक तीन विकेट लिए। यसैगरी, कप्तान प्याट कमिन्स र जस हैजलउडले समान दुई विकेट लिँदा ग्लेन म्याक्सवेलले एक विकेट लिएका थिए।

हेडको आक्रामक शतक

यसअघि विश्वकपको २७औँ खेलमा अस्ट्रेलियाले टस हारेर ब्याटिङ गरेको थियो। ओपनर डेविड वार्नर र हेडको सानदार ब्याटिङसँगै अस्ट्रेलियाले ४९.२ ओभरमा अलआउट हुँदै तीन सय ८८ रन बनाएको थियो। हेडले जारी विश्वकपमा पहिलो खेल खेलेका हुन्। उनले ६७ बलमा १० चौका र सात छक्का प्रहार गरे। यसअघि घाइते हुँदा उनी चार खेलमा बेन्चमै सीमित थिए। उनको यो करिअरको चौथो तथा विश्वकपमा पहिलो शतक हो। यो विश्वकपमा कम बलमा बनेको तेस्रो शतक हो। यसअघि, ग्लेन म्याक्सवेलले ४० र एडम मार्करमले ४९ बलमा शतक बनाएका छन्। यसअघि अस्ट्रेलियाले पावर प्लेमा विनाविकेट एक सय १८ रन बनाएको थियो।

यसैगरी, अर्का ओपनर वार्नरले ६५ बलमा पाँच चौका र ६ छक्कासहित ८१ रन बनाए। हेड र वार्नरले पहिलो विकेटका लागि एक सय ७५ रनको बलियो साझेदारी गरेका थिए। वार्नरको यो करिअरकै २३औँ अर्धशतक हो। म्याक्सवेलले ४१ रन, जस इङ्लिसले ३८, कप्तान कमिन्सले ३८ रनको योगदान गरेका थिए। न्युजिल्यान्डका ट्रेन्ट बोल्ट र ग्लेन फिलिप्सले समान तीन विकेट लिए। बोल्टले १० ओभरमा ७७ र फिलिप्सले समान १० ओभरमा ३७ रन खर्चिएका थिए। मिचल सान्टनरले दुई तथा माट हेनरी र निसमले समान एक विकेट लिएका थिए।

अंक तालिका

देश	खेल	जित	हार	अंक
दक्षिण अफ्रिका	६	५	१	१०
भारत	५	५	०	१०
न्युजिल्यान्ड	६	४	२	८
अस्ट्रेलिया	६	४	२	८
श्रीलंका	५	२	३	४
पाकिस्तान	६	२	४	४
अफगानिस्तान	५	२	३	४
नेदरल्यान्ड्स	६	२	४	४
बंगलादेश	६	१	५	२
इंग्ल्यान्ड	५	१	४	२

एन्जिलाले सेथुबाटै खेल्ने

गत सिजन सेथु सेमिफाइनलमा रोकिँदा एन्जिला तुम्बाप्पो सुब्बाले ६ 'क्लिन सिट' राखेकी थिइन्

नयाँ पत्रिका

नेपाली राष्ट्रिय फुटबल टोलीकी कप्तान तथा गोलकिपर एन्जिला तुम्बाप्पो सुब्बाले भारतीय आइलिग क्लब सेथु एफसीसँग आगामी सिजन (२०२३-०२४) का लागि सम्झौता नवीकरण गरेकी छिन्। गत सिजनसमेत सेथुको कप्तानी सम्हालेकी एन्जिलाले आगामी डिसेम्बरबाट सुरु हुने लिगका लागि सम्झौता गरेकी हुन्। 'आगामी संस्करणमा खेल्न पुनः सम्झौता नवीकरण भएको छ,' एन्जिलाले भनिन्, 'अघिल्लोपटक सोचेजस्तो भएन। यसपटक च्याम्पियन हुने योजना छ।'

सेथुले सामाजिक सञ्जालबाट एन्जिलाको स्वागत गरेको छ। दुईबीच भएको सम्झौता गोप्य राखिएको छ। एन्जिलाको आइलिगमा दोस्रो संस्करण हो। अघिल्लो सिजन उनको टोली सेमिफाइनलसम्म पुगेको थियो। अन्तिम चारमा किक स्टार्ससँग पराजित भएको थियो। त्यसअघि खेलेको आठ खेलमा टोली अपराजित रहेको थियो। एन्जिलाले ६ खेलमा 'क्लिन सिट' राखेकी थिइन्। आइलिगको पहिलो खेलमा सेथुले ८ डिसेम्बरमा साबिक विजेता गोकुलम केरेलासँग खेल्नेछ। दोस्रो खेल भने इस्ट बगानसँग रहेको छ।

गत सिजन सावित्रा भण्डारी सम्मिलित गोकुलम च्याम्पियन भएको थियो। यसपटक सात टोली मात्रै लिगमा हुनेछन्। गोकुलम र सेथुसँगै किक स्टार्स, उडिसा एफसी, इस्ट बंगाल, होप्स एफसी र स्पोर्टस् उडिसाले सहभागिता जनाउनेछन्। लिग मार्चसम्म चल्नेछ। यसपटक सेथुले पुराना खेलाडीलाई नै अवसर दिने बताएको छ। नेपाली राष्ट्रिय टोलीकी रक्षक गीता राना पनि सेथुबाटै खेल्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ। गत सिजन पनि गीताले क्लबसँग सम्झौता गरेकी थिइन्। तर, अन्तिममा घाइते हुँदा गीताले पहिलोपटक आइलिग खेल्ने अवसर गुमाएकी हुन्। गत सिजन ६ नेपाली खेलाडीले आइलिग खेलेका थिए।



सुटिङलगत्तै भारत जाने

दसैंका लागि हाल एन्जिला घर इलाम पुगेकी छिन्। इलाममै रहँदा उनको वास्तविक जीवनमा आधारित चलचित्र 'अन्जिला'को सुटिङ हुँदै छ। चलचित्रमा दयाहाङ राई, बुद्धि तामाङ, सृजना सुब्बालगयातको अभिनय रहनेछ। एन्जिला यो सुटिङ सम्पन्न गरेर मात्रै भारत प्रस्थान गर्नेछिन्।

'मेरो सुटिङमा समय निर्धारण भएको छ। केही दिनमै सुटिङ सुरु हुन्छ। त्यसपछि मात्रै भारत जानेछु,' एन्जिलाले भनिन्।

सन्दीपलाई समेट्दै विश्वकप छनोट खेल्ने टोली घोषणा

नयाँ पत्रिका

लेग स्पिनर सन्दीप लामिछानेलाई समेट्दै नेपाल क्रिकेट संघ (क्यान)ले नेपाली राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरेको छ। नेपालले सोमबारबाट घरेलु मैदानमा आइसिसी पुरुष विश्वकप छनोटअन्तर्गत एसिया छनोट खेल्दै छ। प्रशिक्षक मोन्टी देसाईले रोहितकुमार पौडेलको कप्तानीमा १५ सदस्यीय खेलाडी छनोट गरेका हुन्। टोलीमा सन्दीपले पुनरागमन गरेका छन्। घरेलु टोली नेपाल, संयुक्त अरब इमिरेट्स (युएई) र हङकङ सम्मिलित त्रिदेशीय शृंखला सन्दीपले खेलेका थिएनन्। नेपाल शृंखलाको फाइनल खेलमा युएईसँग पराजित भएको थियो। शृंखला खेलेको टिमबाट लोकेश बम, सूर्य तामाङ, श्याम (मौसम) ढकाल र सागर ढकाल ले स्थान बनाउन सकेनन्। टोलीमा विवेक यादव र अनुभवी विनोद भण्डारीले स्थान बनाउन सफल भएका छन्। टोलीमा कप्तान रोहित, सन्दीप, विनोद र विवेकसँगै कुशल भुर्तेल, आसिफ शेख, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, सन्दीप जोरा, गुलशन झा, सोमपाल कामी, करण केसी, अभिनाश बोहरा, प्रतिश जिसी, ललित राजवंशी समावेश छन्।

पहिलो खेल सिंगापुरविरुद्ध

एसियाली छनोटका खेलहरू मूलपानी माथिल्लो मैदान र कीर्तिपुरस्थित त्रिवि मैदानमा हुनेछ। समूह 'ए'मा नेपालसहित मलेसिया, ओमान र सिंगापुर छन्। समूह 'बी'मा युएईसँगै बहराइन, हङकङ र कुवेत छन्। उद्घाटन खेलमा नेपालले सिंगापुरसँग त्रिवि मैदानमा खेल्नेछ। समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन्।

त्रिदेशीय शृंखलाको उपाधि युएईलाई

घरेलु टोली नेपाललाई चार विकेटले हराउँदै युएईले त्रिदेशीय टी-२० अन्तर्राष्ट्रिय शृंखलाको उपाधि जितेको छ। कीर्तिपुरस्थित त्रिवि मैदानमा शुक्रबार नेपाललाई चार विकेटले हराउँदै युएईले उपाधि जितेको हो। नेपालले प्रस्तुत गरेको एक सय ६३ रनको लक्ष्य युएईले एक बल बाँकी छँदा ६ विकेट गुमाउँदै भेट्टाएको हो। युएईका कप्तान मोहम्मद वासिमले ४५, वृत्य अरविन्दले २६, आर्यन्श शर्माले २५, बसिल हामिदले अविजित २२, अलिशान सराफुले १३ र अली नासिरले ११ रन बनाएका थिए। पहिलो विकेटका लागि वासिम र शर्माले ७१ रनको साझेदारी गरेका थिए।



खेल संक्षेप

धनगढीमा डिआग्ने

काठमाडौं/ साबिक उपविजेता धनगढी एफसीले युरोपियन लिग खेलिसकेका सेनेगलका रक्षक फलु डिआग्नेलाई अनुबन्धित गरेको छ। नेपाल सुपर लिग (एनएसएल)को दोस्रो संस्करणका लागि धनगढीले घरेलु फुटबलकै सर्वाधिक ठूलो नामको खेलाडी अनुबन्ध गरेको हो। एनएसएलको दोस्रो संस्करण आगामी ८ मंसिरबाट २१ पुससम्म दशरथ रंगशालामा हुँदै छ। धनगढीले पहिलो खेल वीरगन्ज युनाइटेड एफसीसँग खेल्नेछ। धनगढीले दोस्रो विदेशी खेलाडी अनुबन्ध गरेको हो। यसअघि धनगढीले नेपाली फुटबलमा सफल देखिएका विदेशी स्ट्राइकर ओलावाले अफिज ओलादिपोलाई अनुबन्ध गरिसकेको छ।

रोशी कपको उपाधि वडा ९ लाई

काभ्रे/ रोशी गाउँपालिका वडास्तरीय 'रोशी कप २०८०' फुटबल प्रतियोगिताको उपाधि वडा ९ ले जितेको छ। वडा ७ लाई फाइनलमा १-० ले पराजित गर्दै वडा ९ 'सी' च्याम्पियन भएको हो। वडा ९ 'बी' टिमलाई १-३ गोलले पराजित गर्दै वडा २ तेस्रो भएको छ। वडा ९ ले ५० हजार प्राप्त गरेको छ। दोस्रो हुनेले ३० र तेस्रोले २० हजार प्राप्त गरेका छन्।

सुनिता र सीता सम्मानित

काठमाडौं/ करौंतेका पूर्वखेलाडी आरके श्रेष्ठ पहारीले तेक्वान्दोका खेलाडीद्वय सुनिता विष्ट र सीता तामाङलाई सम्मान गरेका छन्। लामो समयदेखि दक्षिण कोरियामा बसोवास गर्दै आएका पूर्वखेलाडी आरके, खेलप्रेमी विपिन गुरुङ र रविन खड्काले मुजुमा भएको कार्यक्रमबीच नेपालका तेक्वान्दो खेलाडीलाई नगदसहित सम्मान गरेका हुन्।

Neelakantha Municipality
Office Of Municipal Executive
Dhadingbesi, Dhading

Invitation For Bids

1st Date Of Publication: 29th October, 2023

1. Neelakantha Municipality invites bids from eligible bidders for the execution of below mentioned works under NCB Procedures.
2. The Detailes of projects are tabulated below.Bidding is open to all eligible Nepalese Bidders.

S. N	Identifiction No.	Works Description	Estimated Amount (Without VAT, P.S & Contingencies) NRS	Bid Document Fee(NRs)	Bank Address for Bid Document Fee	Bid Security Amount (NRs)	Bank Address for Bid Security Amount	Last Date Of Bid Submission	Bid Validity/ Bid Bond Validity Period
1	NEE-NCB:-05/080/81	Kathare Bashbote Road Upgrading Works	26,15,207.3	3,000.00	Rastriya Banijya Bank, Dhadingbesi Branch, Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	78,000	Rastriya Banijya Bank, Dhadingbesi Branch, Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	28th November-2023,12:00 Hrs	90 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.
2	NEE-NCB:-06/080/81	Corridor Construction Works	69,46,370.07	3,000.00	Rastriya Banijya Bank, Dhadingbesi Branch, Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	2,08,000	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	28th November-2023,12:00 Hrs	90 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.

3. Eligible bidder may obtained further information from www.bolpatra.gov.np
4. The Bid will be opened in the presence of Bidder's representative who choose to attened at 28th November-2023, for NEE-NCB:-05/080/81 & NEE-NCB:-06/080/81 at 14:00 Hrs the office of Nelakantha Municipality,Dhadingbesi Dhading
5. Neelakantha Municipality, Dhadingbesi, Dhading reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com